# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४५ | काठमाडौं | मंगलबार, ३० भदौ २०८३ | Prabhab National Daily | Tuesday, 15 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# गगनको अफर देउवा समूहले नमान्ने, बेग्लै महाधिवेशन निश्चित





कथित विशेष महाधिवेशनबाट निर्मित नेतृत्वले गर्ने अधिवेशन र महाधिवेशनले पार्टीलाई एकताबद्ध बनाउनेभन्दा विभाजनलाई संस्थागत गर्न उद्दत भएको देखिन्छ ।

■ **डा. सशांक कोइराला**
देउवापक्षका नेता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले १११ जनालाई केन्द्रीय सदस्य बनाउने संस्थापनको 'अफर' अस्वीकार गरेको छ । सोमबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा पत्रकार सम्मेलन गर्दै देउवा समूहले संस्थापनको प्रस्ताव अस्वीकार गरेको हो ।

कांग्रेसका नेता-कार्यकर्ताको आत्मसम्मान कुनै पदको सौदाबाजीको विषय नहुने उल्लेख गर्दै देउवा पक्षका नेता डा. शशांक कोइरालाले आफूहरू बेग्लै महाधिवेशनमा अघि बढ्ने बताए ।

'नेपाली कांग्रेसका नेता-कार्यकर्ताहरूको आत्मसम्मान कुनै पदको सौदाबाजीको विषय हुन सक्दैन,' उनले भने, 'पार्टीको आधिकारिकतासम्बन्धी विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा पार्टीको अधिवेशन र महाधिवेशनको एकतर्फीरूपमा घोषणा गरिएको कार्यतालिका स्थगन गरेर वार्ता र संवादमार्फत सहमतिमा पुग्ने वा सर्वोच्च अदालतको निर्णयको प्रतीक्षा नगरी एकलौटीरूपमा अगाडि बढ्नु कुनै पनि हालतमा उचित मान्न सकिन्न ।'

> ⏭ देउवा समूहका महाधिवेशन संयोजक डा. शशांक कोइरालाले जारी गरे संस्थापनको महाधिवेशनमा सहभागी नहुन उर्दी
>
> ⏭ देउवाको नेतृत्वमा महाधिवेशनमा गए एकता, नभए बेग्लै महाधिवेशन गर्ने पक्षमा इतर पक्ष

कांग्रेस संस्थापनले यही असोज ३ बाट वडा अधिवेशन थालेर असोज १६ गते खुल्लामञ्चमा १५औं महाधिवेशन उद्घाटन गर्ने तयारी गरेको छ । देउवा पक्षले मंसिर २१ बाट महाधिवेशन गर्ने जनाएको छ । उक्त महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक हुन् । गत पुसमा भएको विशेष महाधिवेशनबाट निर्वाचित भएको कार्यसमितिलाई शशांकले 'कथित' भनेका छन् । 'कथित विशेष महाधिवेशनबाट निर्मित नेतृत्वले गर्ने अधिवेशन र महाधिवेशनले पार्टीलाई एकताबद्ध बनाउनेभन्दा विभाजनलाई संस्थागत गर्न उद्दत भएको देखिन्छ,' शशांकले भनेका छन् ।

शशांकले पत्रकार सम्मेलनमार्फत संस्थापनले आयोजना गर्न लागेको महाधिवेशनमा सहभागी नहुनसमेत आग्रह गरेका छन् । 'सम्पूर्ण नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूलाई भ्रम र गैरजिम्मेवार राजनीतिक प्रचारबाट प्रभावित नहुन हार्दिक अपिल गर्दछौं । असोज ३ गतेबाट विधि प्रक्रिया मिचेर सुरु गर्ने भनिएको तथाकथित अधिवेशन र महाधिवेशनमा भाग नलिन आग्रह गर्दछौं,' शशांकले भनेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीसँग बाढीग्रस्त क्षेत्रका जनप्रतिनिधिको गुहार

# बेपत्ता खोज्न सकिएन, छिटो वैकल्पिक सडक बनाइदिनुपर्‍यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भोटेकोशी-त्रिशूली बाढी गएको २३ दिन बित्दा पनि बेपत्ता मानिसहरू खोज्न नसकेको भन्दै बाढीग्रस्त क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिले चाँडो वैकल्पिक सडक बनाउन संघीय सरकारसमक्ष माग गरेका छन् । सोमबार प्रधानमन्त्री वालेन्द्र शाहको निमन्त्रणामा सिंहदरबार पुगेका बाढीप्रभावित स्थानीय तहका जनप्रतिनिधिले अहिलेको प्रमुख आवश्यकता वैकल्पिक सडक भएको बताएका हुन् ।

बाढीबाट क्षतिग्रस्त बनेको नुवाकोट विदुर नगरपालिकाका मेयर राजन श्रेष्ठ सडक बगाउँदा आफ्नै पालिकाको अर्को वडा कर्णाली बनेको बताए । 'रोड कनेक्टिभिटीको ठूलो समस्या छ । धेरै पुल बगाएको छ । रसुवादेखिको कनेक्टिभिटी रोकिएको छ । छिनमै पुग्ने ठाउँमा १८ घण्टा लाग्छ । विदुरका १० वडा प्रभावित छन् । आफ्नै नगरपालिकाको पारि कर्णाली भएको छ,' मेयर श्रेष्ठले भने ।

भदौ १० गतेको बाढीले विदुर नगरपालिकामा रहेको अधिकांश पक्की पुल बगाएको थियो भने ४० किलोमिटर सडक बाढीमा परेको थियो । बाढीपछि अझै पनि वैकल्पिक सडक बन्न नसक्दा बेपत्ताको खोजी हुन नसकेको बेलकोटगढी नगरपालिकाका मेयर जगतबहादुर गुरुङले बताए । 'बाढीले बाटो बन्द भएपछि बेपत्ता मानिस खोज्न सकिएन । हेलिकप्टरबाट मात्र खोज्दा के भयो त संघीय सरकारले सडक नबनाउँदा काम हुन सकेकै छैन,' मेयर गुरुङले प्रधानमन्त्री शाहलाई भने ।

रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले पनि बेलिब्रिज राखेर तुरुन्तै रसुवासँग सडक सञ्जाल जोड्न माग गरे । 'प्रदेश सरकारले तुइन पनि राखेकै छ, तत्कालै हामीले बेलीब्रिज राखेर कनेक्टिभिटी जोड्नुपर्छ,' अध्यक्ष अर्यालले भने ।

प्रधानमन्त्री शाहले सरकार प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो सडक सञ्जाल पुनर्स्थापना गर्ने गरी निरन्तर काम गरिरहेको उल्लेख गरे ।

⏭ क्रमशः पृष्ठ २ मा



**प्रधानमन्त्री वालेन्द्र शाह सोमबार भोटेकोशी बाढीप्रभावित क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिहरूसँग छलफल गर्दै ।**

*तस्बिर सौजन्य: प्रधानमन्त्रीको कार्यालय*



प्रदेश सरकारले तुइन पनि राखेकै छ, तत्कालै हामीले बेलीब्रिज राखेर कनेक्टिभिटी जोड्नुपर्छ । वैकल्पिक हाइवे बनाउने कुरामाचाहिँ एकरूपता भयो हामी सबैको ।

■ **माधवप्रसाद अर्याल**
अध्यक्ष, उत्तरगया गाउँपालिकाका



बाटो बन्द भएपछि बेपत्ता मानिस खोज्न सकिएन । वैकल्पिक सडक खोल्नुपर्छ भने मैले । हेलिकप्टरबाट मात्र खोज्दा अहिले पनि सम्भव भएको छैन । संघीय सरकारले सडक नबनाउँदा काम हुन सकेन ।

■ **जगतबहादुर गुरुङ**
मेयर, बेलकोटगढी नगरपालिका



प्रधानमन्त्रीले हाम्रो अवस्था के छ ? कस्तो समस्या छ भनेर इनिसिएसन लिनुभयो । रोड कनेक्टिभिटीको ठूलो समस्या छ । रसुवादेखिको कनेक्टिभिटी रोकिएको छ । तटीय क्षेत्रमा मान्छे बस्न सक्दैन । बस्नका लागि वन क्षेत्रसँग बस्न मिल्ने गरी कानुन बनाउनुपर्छ भनेर मैले भनेको छु ।

■ **राजन श्रेष्ठ**
मेयर, विदुर नगरपालिका

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया रोजगारीमा लगाइएको 'सिण्डिकेट'बारे आइएलओको ध्यानाकर्षण

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको रोजगार प्रक्रियामा लागू गर्न खोजिएको विदेशी कामदार एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) बारे अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को ध्यानाकर्षण गराएको छ ।

सोमबार संघका अध्यक्ष डिकबहादुर खत्री नेतृत्वको प्रतिनिधिमण्डलले आइएलओका नेपाल निर्देशक नुमान ओज्कानबीचलाई भेटेर सीमित एजेन्सीलाई मात्रै पहुँच दिनेगरी ल्याइएको उक्त प्रणालीबारे ध्यानाकर्षण गराएको हो ।

अध्यक्ष खत्रीका अनुसार निर्देशक नुमानसँगको भेटमा सिण्डिकेटविरुद्ध संघले गरिरहेको संघर्षबारे जानकारी गराउनुका साथै सो विषयमा महत्त्वपूर्ण छलफल भएको छ । आफूहरूले मलेसिया कामदार पठाउने प्रक्रियामा केही सीमित एजेन्सीहरूलाई मात्र अवसर दिनेगरी सिण्डिकेट खडा गर्न खोजिएकोमा गम्भीर आपत्ति जनाएको उनले बताए ।

'सीमित एजेन्सीको पहुँचले इजाजतपत्र प्राप्त अन्य सयौं व्यवसायीहरूमाथि भेदभाव र अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुने धारणा राखेका छौं,' अध्यक्ष खत्रीले भने ।



छलफलमा संघको तर्फबाट सबै वैध र इजाजतपत्र प्राप्त वैदेशिक रोजगार एजेन्सीहरूलाई कुनै पनि प्रकारको भेदभाव नगरी समान अवसर र खुला पहुँच सुनिश्चित गरिनुपर्ने, सिण्डिकेटले कामदारमाथि अतिरिक्त आर्थिक भार बढाउने जोखिम हुने भएकाले निष्पक्ष र मर्यादित भर्ना प्रक्रिया लागू हुनुपर्ने, दुई देशबीचको श्रम सम्बन्धलाई मर्यादित, सुरक्षित र पारदर्शी बनाउन अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलका प्रणाली प्रयोगमा जोड दिनुपर्नेलगायत विषय उठाइएको जानकारी दिइएको छ ।

संघले सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको हकहितका साथै वैदेशिक रोजगारमा जाने श्रमिकहरूको अधिकार रक्षाका लागि सरोकारवाला निकायहरूसँग रचनात्मक संवाद जारी राख्ने प्रतिबद्धता जनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## धम्कीसँग नडराउने संघको प्रस्टोक्ति

सिण्डिकेटविरुद्ध उभिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न माध्यमबाट धम्की दिने काम भइरहेको भन्दै संघले आपत्ति जनाएको छ । संघले सोमबार विज्ञप्ति जारी गर्दै यस विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराएको छ ।

'नेपालको वैदेशिक रोजगार क्षेत्रलाई सीमित व्यक्ति तथा समूहको स्वार्थमा कब्जा गरी सिण्डिकेट गर्ने तथा एकाधिकार कायम गर्ने गम्भीर प्रयास भइरहेको तथा त्यसको विरोधमा उभिएको संघको वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न माध्यमबाट धाकधम्की दिने, गालीबेइज्जती गर्ने, चरित्रहत्या गर्ने, मानसिक दबाब

⏭ क्रमशः पृष्ठ २ मा


## 'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष**

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्‌मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# मनोहरामा बाढी, स्थानीयलाई सुरक्षित स्थानमा सारियो

**भक्तपुर–** भक्तपुर र काठमाडौंको सिमाना भएर बग्ने मनोहरा खोलामा पानीको बहाव बढेपछि स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ । खोला किनारमा टहरा एवं घर बनाएर बसोबास गर्दै आएका स्थानीय बस्ती छाडेर भक्तपुरको लोकन्थली हाइटमा पुगेका छन् ।

चाँगुनारायण नगरपालिकाको नगरकोटदेखि काठमाडौंको साँखुलगातका क्षेत्रमा साँझ परेको ठूलो वर्षाका कारण आएको बाढीले खोला किनाराका बस्तीमा पानी पसेको छ । बस्तीमा पानी पसेपछि स्थानीयवासी लोकन्थलीको हाइटमा पुगेको स्थानीय कमलनाथ प्रसाईंले जानकारी दिए ।

राति ९:०० बजे खोलाको बहाव बढेपछि साइरन बजाइएको थियो । सरकारले मनोहरा सुकुमबासी बस्ती यसअघि नै हटाएको छ । जडीबुटी पेप्सीकोलाको पश्चिमतर्फ निजी जग्गा भाडामा लिएर र आफ्नै जग्गामा घरटहरा बनाएर बसेकाको बस्तीभित्र बाढी पसेको हो ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले मनोहरा खोलामा बाढीको बहाव बढेसँगै राति नै प्रहरीले खोला किनारका बस्तीमा प्रहरी परिचालन गरी स्थानीयलाई सुरक्षित स्थानमा सारेको जानकारी दिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## बेपत्ता खोज्न...

उनले स्थानीय जनप्रतिनिधिहरूले भनेजस्तै अब रसुवा बाढीबाट प्रभावित तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने उल्लेख गर्दै सुरक्षित स्थानमा बस्ती बसाउनेगरी तयारी सुरु गरेको जानकारी गराए । सडकका विषयमा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले विभिन्न विषयगत आठवटा कार्यदल निर्माण गरी सडक र पुल निर्माणलाई तीव्रता दिइरहेको बताए । प्रधानमन्त्री शाह र जनप्रतिनिधिसँगको छलफलमा मन्त्री लम्सालले मन्त्रालय मातहतका विभिन्न निकायका प्रमुखहरूसँग प्रत्यक्ष छलफलमा जोडिएर आ-आफ्नो प्रभावित क्षेत्रमा क्षतिग्रस्त पूर्वाधारहरूको विवरण दिन, योजना बनाउन, निर्माणमा समन्वय गर्न र त्यसको 'फलोअप' गर्न स्थानीय जनप्रतिनिधिहरूसँग आग्रहसमेत गरे ।

छलफलमा गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री लम्साल, सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिना उपस्थित रहँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले थिएनन् । बजेटका लागि अर्थमन्त्री वाग्ले आवश्यक रहेको भन्दै जनप्रतिनिधिले खोजी गरेका थिए । प्रधानमन्त्री शाहले भने अर्थमन्त्रीको कार्यव्यस्तताका कारण अनुपस्थित भएको बताएका थिए ।

### बाढीप्रभावितका लागि राख्न वैकल्पिक ठाउँ खोजिने

जनप्रतिनिधिहरूले बाढीप्रभावित तटीय क्षेत्रमा पुनः बसोबास गर्न दिन नहुनेमा जोड दिए । विदुर नगरपालिकाका मेयर श्रेष्ठले तीनै तहको सरकार मिलेर रोजगारीसहितको पुनर्स्थापनाको कार्यक्रम ल्याउनुपर्ने माग गरे । 'तीनै तह मिलेर रोजगारीसहित पुनर्स्थापना गर्ने कुरा छ । तटीय क्षेत्रमा मान्छे बस्न सक्दैन । बस्नका लागि वन क्षेत्रसँग बस्न मिल्ने गरी कानुन बनाउनुपर्छ भनेर मैले भनेको छु,' श्रेष्ठले भने ।

उत्तरगया गाउँपालिकाका अध्यक्ष अर्याललले पनि पुनर्वासका लागि जमिन साटफेरको ऐन आवश्यक रहेको बताए । 'भोटेकोशी बाढीप्रभावित तटीय क्षेत्रमा अब बस्ती बस्न सक्दैन, उहाँहरूको जमिनलाई सट्टापट्टा गर्ने ऐन आवश्यक छ । भोलिका दिनमा हामीले ल्यान्ड पुलिङको एउटा कन्सेप्ट पनि मैले प्रधानमन्त्रीज्यूलाई पेस गरेको छु,' अर्याललले भने ।

प्रधानमन्त्री शाहले पुनर्स्थापनाका लागि दीर्घकालीन योजना बनाउनुपर्ने र आफू त्यसमा लागिपरेको बताए । 'जनतालाई प्रत्यक्षरूपमा राहत दिन सकिने, जनतालाई अहिले पुनर्स्थापनाको कुरा छ । पुनर्स्थापनाका लागि लङ टर्ममा सोच्नुपर्ने छ,' उनले भने ।

■■■

## गगनको...

उनले भने, '१४औं महाधिवेशनबाट निर्वाचित वैधानिक नेतृत्वले सार्वजनिक गरेको कार्यतालिका अनुसार असोज १५ गतेदेखि सञ्चालन हुने वडा हुँदै विभिन्न तहको अधिवेशनमा सक्रिय सहभागिता जनाई मंसिर २१, २२ र २३ गते सम्पन्न हुने केन्द्रीय महाधिवेशनलाई सफल बनाउन सम्पूर्ण नेपाली कांग्रेसका साथीहरूमा हार्दिक अनुरोध गर्दछौं ।'

### पूर्णबहादुर र शेखरको साथ कसलाई ?

कांग्रेस वृत्तमा अहिलेका सभापति गगन थापाले पूर्णबहादुर खड्का र डा. शेखर कोइरालालाई सभापति बन्न अफर गरेको चर्चा चलेको छ । त्यसैले दुवै नेता गगन पक्षमा खुलेर लाग्ने तयारीमा देखिन्छन् । 'आफूलाई प्रधानमन्त्री बनाउने सर्तमा गगन थापाले खड्का वा शेखरलाई सभापति मान्न तयार देखिन्छन्,' गगननिकट एक नेताले भने ।

पछिल्लो समय देउवा समूहको भेलामा खड्का र शेखर देखिन छाडेका छन् । खड्का समूह चोइटिए त्यसलाई रोक्न नसकिने शशांक बताउँछन् । 'हामी एकताबद्ध भएर जान चाहन्छौं । कुनै समूह चोइटिन्छ भने हामीले के नै गर्न सक्छौं ?,' शशांकले भने । शेखरले भने दुवै पक्ष एक हुनुपर्ने नभए दुवै पक्षको महाधिवेशनमा सहभागी नहुने बताउँदै आएका छन् ।

### महाधिवेशन रोक्न सर्वोच्चमा परेको रिट दरपीठ

कांग्रेसको गगन पक्ष र देउवा पक्षले गर्न लागेका अलग-अलग १५औं महाधिवेशन रोक्न माग गरिएको रिट निवेदनलाई सर्वोच्च अदालत प्रशासनले दरपीठ गरेको छ । सोमबार सर्वोच्चमा अधिवक्ता मणिराम उपाध्यायले रिट निवेदन दिएका थिए । उपाध्यायले दुवै पक्षले गर्न लागेका महाधिवेशन रोक्नका लागि आदेश माग गरेका थिए ।

यससम्बन्धी विवादमा परेको रिट विचाराधीन रहेकाले महाधिवेशन रोक्न माग गरिएको रिट दरपीठ गरिएको सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाले बताए । देउवा पक्षले सर्वोच्च अदालतमा पुनरवलोकनको निवेदन दिएको छ । देउवा पक्षको मागबमोजिम सर्वोच्च अदालतले निस्सा दिएको छ ।

■■■

## मलेसिया...

मलेसियाले नेपालबाट कामदार भर्तीका लागि २५ वटा संस्थालाई 'प्रिन्सिपल एजेन्सी' र २५० वटा संस्थालाई 'सहायक एजेन्सी' को रूपमा एफडब्ल्युसिएमएसमा सूचीकृत गरेपछि त्यसविरुद्ध संघको नेतृत्वमा व्यवसायीहरू संघर्षमा उत्रिएका छन् । वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र लिएका करिब ११ सय संस्थामध्ये २७५ वटालाई मात्रै सूचीकृत गरेर सिण्डिकेट लागू गर्न खोजिएको व्यवसायीहरूको आरोप छ ।

नेपाल सरकारले पनि एफडब्ल्युसिएमएसमा सूचीकृत व्यवसायीहरूमाथि कारबाही थालेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनमा वैदेशिक रोजगार विभागले २७५ व्यवसायीलाई श्रम स्वीकृति प्रणालीमा 'ब्लक' गरेर कारबाही थालेको हो । विभागले मुख्य एजेन्सीको रूपमा सूचीकृत २५ संस्थाको दर्तादेखि हालसम्मको कारोबारमाथि समेत अनुसन्धान थालेको छ ।

एफडब्ल्युसिएमएस लागू भएसँगै वार्षिक हजारौं नेपालीको रोजगार गन्तव्य मलेसियाका रोजगारी संकटमा परेको छ । सरोकारवालाहरूले सरकारले प्रभावकारी कूटनीतिक पहलमार्फत यो समस्याको समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

■■■

## धम्कीसँग...

सिर्जना गर्ने तथा राज्यका निकाय र संघका पदाधिकारीविरुद्ध विभिन्न निकायहरूमा उल्टै झूटा मुद्दा हाल्ने तथा गलत सूचना पठाउने आपराधिक मानसिकताप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ,' संघको विज्ञप्तिमा उल्लेख छ ।

मलेसियाको एफडब्ल्युसिएमएसको एजेण्ट बन्ने नाममा ठूलो रकम गैरकानुनी तवरले विदेश पठाइएको आशंकासमेत संघले व्यक्त गरेको छ । 'सहायक एजेण्ट बनाइदिने नाममासमेत रकम उठाइरहेको तथा मलेसियाकोमात्र नभई मध्यपूर्वका अन्य गन्तव्य मुलुकहरूमासमेत विभिन्न संरचना र नाममा सिण्डिकेट विस्तार गर्ने प्रयास भइरहेको भन्ने सूचनाहरू प्राप्त भएका छन्,' संघले भनेको छ, 'यी विषयहरू व्यावसायिक हित, प्रतिस्पर्धा र सुधारका विषय नभएर यो क्षेत्रमा विकृति बढाउने, श्रमिकलाई आर्थिक शोषण हुने र समाजमा अपराध बढ्ने भएकाले प्रचलित कानुन, राज्यको नियमन प्रणाली र हजारौं व्यवसायी तथा लाखौं श्रमिकको हितमाथिको गम्भीर अपराध हुनसक्ने वा बढ्न सक्ने संवेदनशील विषय देखिएको छ ।'

संघले सम्बन्धित निकायहरूलाई तत्काल अनुसन्धान प्रारम्भ गर्न माग गरेको छ । 'संघ स्पष्ट चेतावनी दिन चाहन्छ कि- धम्की, दबाब, गालीबेइज्जती, आर्थिक शक्ति, राजनीतिक पहुँच वा कुनै पनि प्रकारको प्रभाव प्रयोग गरेर संघको आवाज दबाउने र सिण्डिकेट जोगाउने प्रयास अब सफल हुने छैन,' विज्ञप्तिमा भनिएको छ ।

संघका पदाधिकारी तथा सदस्यलाई लक्षित गरी गरिने प्रत्येक धम्की, अपमान, दबाब वा बद्नाम गर्ने गतिविधिको प्रमाण सुरक्षित राखी आवश्यक कानुनी प्रक्रियामा लगिनेसमेत संघले जनाएको छ ।

■■■


**बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३०**

यस **जनपिडित सा.व.उ.स. हरिहरपुरगढी गा.पा. २, सिन्धुली**बाट आ.व. २०८२/०८३ मा उत्पादन भई **बन्चरे, हरिहरपुरगढी गा.पा. २, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल** जातको गोलिया थान ९१ को १३७१.१५ क्यू.फि गोलिया काठ र १.०० चट्टा दाउराको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री जनपिडित सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.- २, सिन्धुली**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/२८ मा दर्ता भएको **दर्ता नं. २७१५२०/०७८/०७९** को **पुल्चोक ब्वाईज होस्टेल प्रा. लि.** को मिति २०८३/०५/२९ गते सम्पन्न सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**पैदावार लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३०**

यस झोराखानी सा.व.उ.स. दुनपा-०४ सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ मा नियमानुसार कटान मुछान भइ उत्पादित भएको काठ लिलामका लागि साल जातको विभिन्न ग्रेडको १२३ थानको १२२८.७१ क्युफिट काठ र १ चट्टा दाउरा घाटगद्धीमा रहेकाले काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समूहको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**-अध्यक्ष श्री झोराखानी सा.व.उ.स.**
**दुनपा-०४ सिन्धुली ।**

**अधिकतम खुद्रा मूल्य (MRP) सम्बन्धी सूचना**

यस **लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि.** (Lifematters Automotives Pvt. Ltd.) ले चीनबाट । पैठारी देहायको मालवस्तु अकितम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| S.N. | Brand | Models | CC | Unit | MRP (NPR) |
|---|---|---|---|---|---|
| 1. | GOTOGO | ZQ6450 BEV2 (CAR) | Electric | 1 | 54,99,999 |

**विक्रेताको फर्मको नाम :** लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि.,
**सम्पर्क नं. :** ०१-४५३९३३१

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना**

यस कार्यालयमा मिति २०६९।०२।३० मा दर्ता भएको प्रा.लि.नं. ९३८९८ को **विन्डी हिल्स रेष्टुरेण्ट एण्ड बार** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना**

यस कार्यालयमा मिति २०६६।१०।२८ मा दर्ता भएको प्रा.लि.नं. ७०५२४ को **वड्स मन्टेश्वरी स्कूल** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०४/०४ मा दर्ता भएको प्रा.लि.नं.७४२८४ को दिदिम रिसर्च एण्ड ट्रेडिङ कम्पनी प्रा.लि.को मिति २०८३/०५/१५मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालय त्रिपुरेश्वरमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।**
**लिक्विडेटर: श्री नीलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२, फोन नं. ९८५१००६०४६**

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०६/१९ मा दर्ता भएको प्रा.लि. नं. १०६४८६ को जेनुइन सर्भिस नेपाल प्रा. लि. को मिति २०८३/०५/१५मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालय त्रिपुरेश्वरमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।**
**लिक्विडेटर: श्री नीलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२, फोन नं. ९८५१००६०४६**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७८/११/१० मा दर्ता भएको **कान्त एकीकृत कृषी फार्म प्राइभेट लिमिटेड (प्रा.लि. नं. २८४७६५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**चुईचुम्मा एक्सप्रेस सर्भिस प्रा.लि. खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०४/३० मा दर्ता भएको प्रा.लि.नं. १९६०८५ रहेको यस **चुईचुम्मा एक्सप्रेस सर्भिस प्रा.लि**. को सेयरधनीको मिति २०८३/०५/२९ मा बसेको संचालक समितीको बिशेष शाधरणसभाबाट यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखितलिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

लिक्वीडेटरको कार्यालय, अधिवक्ता :- श्रवण कुमार श्रेष्ठ
दामासाही व्यवसायी इजाजतपत्र नं. ४०४ लिक्वीडेटरको कार्यालय, बबरमहल, काठमाडौं ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, ३० भदौ, २०८३

| | |
|---|---|
| **मेष** | मेहनतअनुसार काममा सफलता मिल्नेछ । आर्थिक पक्षमा सुधार आउनेछ । |
| **वृष** | नयाँ अवसर प्राप्त हुनेछ । परिवारको साथ र सहयोग मिल्नेछ । |
| **मिथुन** | काममा उत्साह बढ्नेछ । साथीभाइसँगको सम्बन्ध सुमधुर बन्नेछ । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । व्यापार तथा व्यवसायमा लाभ मिल्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । नयाँ योजना बनाउन दिन राम्रो छ । |
| **कन्या** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा नियन्त्रण गर्नुहोला । |
| **तुला** | सामाजिक कार्यमा सफलता मिल्नेछ । प्रेम तथा पारिवारिक सम्बन्ध राम्रो रहनेछ । |
| **वृश्चिक** | काममा नयाँ जिम्मेवारी आउन सक्छ । आर्थिक लाभको सम्भावना छ । |
| **धनु** | यात्रा तथा नयाँ कामका लागि दिन शुभ छ । अवसरको सदुपयोग गर्नुहोस् । |
| **मकर** | रोकिएका काम अघि बढ्नेछन् । आम्दानीका नयाँ स्रोत भेटिन सक्छन् । |
| **कुम्भ** | सिर्जनात्मक काममा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| **मीन** | परिश्रमले लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ । परिवारमा खुसीको वातावरण बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० भदौ, २०८३ (१५ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.५९ | १५३.१९ |
| युरो | १ | १७७.०० | १७७.७० |
| पाउन्ड स्टिर्लङ | १ | २०६.२९ | २०७.११ |
| स्विस फ्रैन्क | १ | १८६.९१ | १८७.६४ |
| अस्ट्रेलियन डलर | १ | १०९.४१ | १०९.८४ |
| क्यानाडियन डलर | १ | ११०.०० | ११०.४४ |
| सिङगापुर डलर | १ | १२०.४२ | १२०.८९ |
| जापानी येन | १० | ९.९४ | ९.९८ |
| चिनियाँ युआन | १ | २२.७५ | २२.८४ |
| साउदी अरब रियाल | १ | ४०.६३ | ४०.७९ |
| कतारी रियाल | १ | ४१.८६ | ४२.०२ |
| थाई भाट | १ | ४.६१ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.५५ | ४१.७१ |
| मलेसियन रिङेट | १ | ३७.४९ | ३७.६३ |
| दक्षिण कोरियन वन | १०० | ११.३७ | ११.४२ |
| स्विडिस क्रोनर | १ | १५.७४ | १५.८० |
| डेनिस क्रोनर | १ | २३.६८ | २३.७७ |
| हङकङ डलर | १ | १९.४६ | १९.५३ |
| कुवेती दिनार | १ | ४९७.६० | ४९९.५६ |
| बहराइन दिनार | १ | ४०४.७२ | ४०६.३१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा तीजको रौनक








१) हिन्दू महिलाको महान् पर्व हरितालिकाका अवसरमा सोमबार आराध्यदेव भगवान् श्री पशुपतिनाथको दर्शनमा आएका श्रद्धालु भक्तजन दर्शनपश्चात् पशुपति क्षेत्रका विभिन्न स्थानमा नाचगान गर्दै ।
२) पशुपतिनाथ मन्दिरमा हरितालिका तीजका दिन पूजाअर्चना तथा दर्शन गर्न आएका भक्तजन दीप प्रज्ज्वलन तथा धूप दिँदै ।
३) दाङको घोराही उपमहानगरपालिका-१७ स्थित शिव पार्वती तथा राधाकृष्ण मन्दिर, गुलेरियामा सोमबार पूजापाठ गर्दै भक्तजन ।
४) धनगढी उपमहानगरपालिका-२ कृष्णनगरमा पूजापाठ गर्दै ब्रताल‌ु महिलाहरु ।
५) काठमाडौंको वसन्तपुरस्थित हनुमानढोका दरबार परिसरमा पूजा-आराधना तथा दर्शनका लागि आएका भक्तजन नाचगान गर्दै ।
६) पनौती नगरपालिका-७ स्थित ऐतिहासिक इन्द्रेश्वर महादेव मन्दिरमा सोमबार पूजा-आराधना तथा दर्शन गर्न आएका भक्तजन नाचगान गर्दै ।

*तस्बिरहरू: रासस*

# चिलिमे हाइड्रोको टनेलभित्र छिर्ने प्रयास जारी


■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित विभिन्न जलविद्युत् आयोजनाका टनेलमा फसेकाहरूको खोज तथा उद्धार प्रयास जारी छ । नेपाली सेनासहितको संयुक्त उद्धार टोली उक्त कार्यमा निरन्तर लागिरहेको छ ।

नेपाली सेनाका अनुसार उक्त क्षेत्रमा गएको पहिरो तथा विपद्पछि बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्य तीव्र पारिएको छ । आयोजनाका प्रतिनिधि, नेपाली सेना, विदेशी प्राविधिक तथा उद्धार टोलीको संयुक्त संलग्नतामा टनेल, पावरहाउस तथा आसपासका प्रभावित क्षेत्रमा उद्धार कार्य जारी राखिएको छ ।

चिलिमे हाइड्रोमा उद्धार टोलीले एक्साभेटर र लोडरको प्रयोग गरी हालसम्म टनेल क्षेत्रबाट करिब १०० मिटर गेग्रान पन्छाइसकेको सेनाले सोमबार जनाएको छ । टनेलभित्र पानी भेटिएकाले सो पानी पम्प गरेर फाल्ने काम भइरहेको र उद्धारकर्ताहरू डोरीको सहायताले टनेलभित्र छिर्ने प्रयास गरिरहेका जनाइएको छ । साथै, स्याफ्रूबेसीबाट धुन्चेसम्मको स्थलमार्ग सम्पर्क जोड्न खोला वारपार गर्ने तुइन जडान गरिएको सेनाले जानकारी दिएको छ ।

लाङटाङ जलविद्युत् आयोजनामा टनेलभित्र जोखिमयुक्त स्थानहरूमा खोजी गर्न विदेशी प्राविधिकहरूले अत्याधुनिक ड्रोन प्रविधिको प्रयोग गरेका छन् । तर हालसम्म कुनै संकेत वा वस्तु फेला पर्न सकेको छैन ।



तस्बिर सौजन्यः नेपाली सेना

त्रिशूली ३ 'बी'मा नेपाली सेनासहितको संयुक्त टोलीले भारी उपकरण (एक्साभेटर र ब्याकहोइ लोडर) को प्रयोग गरी आयोजनाको आवास गृह, कार्यालय भवन र टनेल इलाकाको खोजी कार्य सम्पन्न गरेको सेनाले जनाएको छ ।

'टोलीले अब आफ्नो खोजी पावर हाउस क्षेत्रतर्फ केन्द्रित गरेको छ । अन्य आयोजनाहरू: रसुवागढी, माथिल्लो त्रिशूली-१ तथा त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनाका टनेल र पावरहाउस क्षेत्रमा पनि नेपाली सेना र आयोजनाका प्रतिनिधिको संयुक्त टोलीले निरन्तर खोजी कार्य जारी राखेका छन् । उद्धार टोलीहरूले प्रतिकूल परिस्थितिका बावजुद पनि उद्धार कार्यलाई तीव्रता दिइरहेका छन्,' नेपाली सेनाले सोमबार सामाजिक सञ्जालमार्फत दिएको जानकारीमा उल्लेख छ ।

# आइसियूमा उपचाररत बिरामीको अन्तर्वार्ता लिएको विषयमा काउन्सिलको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** प्रेस काउन्सिल नेपालले अस्पतालको आइसियूमा उपचाररत व्यक्तिसँग अन्तर्वार्ता लिएर सम्प्रेषण गरिएको सामग्रीप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले सोमबार विज्ञप्ति जारी गर्दै सम्प्रेषित सामग्रीका सम्बन्धमा पत्रकार आचारसंहिताको परिधिभित्र रहेर थप अध्ययन, अनुगमन गरिरहेको जनाएको हो । यस विषयमा अध्ययनका लागि सम्बन्धित सञ्चारकर्मी, अस्पताल र मेडिकल काउन्सिलमा पत्राचार भएकोसमेत काउन्सिलले उल्लेख गरेको छ ।

'रसुवामा आएको बाढीमा माथिल्लो त्रिशूली थ्री ए जलविद्युत् आयोजनाबाट १० दिनपछि उद्धार गरी एक अस्पतालको आइसियूमा उपचाररत व्यक्तिहरूसँग अन्तर्वार्ता लिँदै 'इनसाइडर द बंकर' नामक युटचुब च्यानलबाट सम्प्रेषित सामग्रीप्रति काउन्सिलको ध्यानाकर्षण भएको छ,' काउन्सिलले भनेको छ ।

सुरजसिंह ठकुरीले छाउनीस्थित सैनिक अस्पतालको आइसियूमा उपचाररत सञ्जय साहको अन्तरवार्ता उक्त युटचुब च्यानलबाट सम्प्रेषण गरेपछि चौतर्फी आलोचना भएको थियो । आइसियूजस्तो संवेदनशील ठाउँमा अन्तर्वार्ता लिनु पत्रकार आचारसंहिताविपरीत भएको सरोकारवालाहरूले टिप्पणी गरेका छन् । यसैगरी अन्तर्वार्ता लिन अनुमति दिने चिकित्सक र अस्पताल प्रशासनमाथिसमेत प्रश्न उठाइएको छ ।

काउन्सिलले यसअघि सगरमाथामा सम्पर्कविहीन भएको सातौं दिनमा फेला परेका एक पथप्रदर्शकको एक अस्पतालमा उपचाररत रहेको अवस्थामा आइसियूबाट अन्तर्वार्ता लिई बिबिसी नेपालीले प्रसारण गरेको भिडियो सामग्रीको विषय पनि काउन्सिलको जानकारीमा आएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# घरपझोङ जलवायु सम्मेलनको सान्दर्भिकता

**जलवायु परिवर्तन अब कुनै सुदूर भविष्यको चेतावनी वा सैद्धान्तिक बहसको विषयमात्र रहेन। यो हाम्रा हिमाल, पहाड र तराईका बस्तीहरूमा दैनिक जिजीविषासँग जोडिएको कठोर यथार्थ बनिसकेको छ । यही गम्भीर चुनौतीको पृष्ठभूमिमा हिमाली जिल्ला मुस्ताङको सदरमुकाम जोमसोममा आजदेखि सुरु हुन गइरहेको दुईदिने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन' केवल एउटा औपचारिक कार्यक्रममात्र होइन, यो नेपालका स्थानीय तहहरूले जलवायु न्यायका लागि सुरु गरेको एक ऐतिहासिक अभियान हो । हिमालको काखबाट तराईका मैदानसम्मका ४२० भन्दा बढी स्थानीय तह र ३६ भन्दा बढी जिल्ला समन्वय समितिका प्रतिनिधिहरू एकै ठाउँमा उभिनु आफैंमा रणनीतिकरूपमा अत्यन्त महत्त्वपूर्ण छ ।**

**नेपालजस्तो भौगोलिकरूपमा संवेदनशील देशका लागि जलवायु परिवर्तनको असर समान छैन, तर यसको विनाशकारी प्रभाव सर्वव्यापी छ । हिमाली क्षेत्रमा तीव्र गतिमा हिउँ पग्लिनु, हिमताल फुट्ने जोखिम बढ्नु र परम्परागत पिउने पानीका मुहान सुक्नुले गर्दा कतिपय हिमाली गाउँहरू विस्थापित हुने अवस्थामा पुगेका छन् । पहाडमा अस्वाभाविक वर्षा, पहिरो र कृषि चक्रमा आएको परिवर्तनले खाद्य सुरक्षामाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ । त्यसैगरी, तराईका फाँटहरूमा खडेरी, अनपेक्षित बाढी र कटानका कारण उब्जाऊ भूमि मरुभूमिमा परिणत हुँदै छ । यी तिनै धरातलीय स्वरूपका समस्या एक–आपसमा अन्तरसम्बन्धित छन् । पहाड र हिमालमा हुने वातावरणीय क्षतिले तराईलाई असर गर्छ भने तराईको उत्पादकत्व घट्दा सिंगो देशको अर्थतन्त्र प्रभावित हुन्छ । यस अर्थमा घरपझोङ सम्मेलनले हिमाल, पहाड र तराईलाई एउटै सूत्रमा बाँधेर साझा धारणा बनाउन खोज्नु अत्यन्त सराहनीय र समयसापेक्ष कदम हो ।**

**तर, सम्मेलन भाषण र औपचारिक घोषणापत्रमामात्र सीमित भयो भने यसको सान्दर्भिकता गुम्ने छ । यसलाई नतिजामुखी र साँच्चिकै प्रभावकारी बनाउन सम्मेलनले केही तथ्यपूर्ण र कार्यान्वयनयोग्य विषयहरूमा ध्यान केन्द्रित गर्नैपर्छ । स्थानीय तहहरूले आफ्ना क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको वैज्ञानिक तथ्यांक संकलन गर्नुपर्छ। लहडका भरमा योजना बनाउनुको सट्टा भौगोलिक सूचना प्रणाली र स्थानीय अनुभवलाई मिसाएर जोखिम क्षेत्रको पहिचान गरिनुपर्छ ।**

**जलवायु अनुकूलनका कार्यक्रमहरू माथिबाट लादिएका हुनुहुँदैन । स्थानीय ज्ञान, सीप र प्रविधिलाई प्राथमिकता दिँदै प्रत्येक पालिकाले आफ्नै जलवायु अनुकूलन योजना निर्माण गरी वार्षिक बजेटमा समावेश गर्नुपर्छ । हरित जलवायु कोषजस्ता अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूमा नेपालका स्थानीय तहको सीधा पहुँच पुग्न सकेको छैन। संघ र प्रदेश सरकारले स्थानीय तहको क्षमता अभिवृद्धि गरी अन्तर्राष्ट्रिय वित्त भित्र्याउने वातावरण बनाउनुपर्छ ।**

**नदी बेसिनका आधारमा तल्लो र माथिल्लो तटीय क्षेत्रका पालिकाहरूबीच सहकार्य हुनुपर्छ । माथिल्लो क्षेत्रले जलस्रोत र वनको संरक्षण गर्दा तल्लो क्षेत्रले कसरी सहयोग गर्न सक्छ भन्ने स्पष्ट खाका तयार गरिनुपर्छ। नगण्य कार्बन उत्सर्जन गर्ने नेपालका स्थानीय तहहरूले जलवायु परिवर्तनको भारी मूल्य चुकाउनु परेको छ। जोमसोम सम्मेलनले यो सन्देशलाई राष्ट्रियमात्र होइन, अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउनेगरी 'मुस्ताङ घोषणापत्र' जारी गरोस् ।**

# घर बगेकालाई मात्र होइन, आधार गुमाएकालाई पनि राहत



❑ आरजी पाण्डेय

> राज्य र सम्बन्धित निकायहरूले विपद् व्यवस्थापन र राहत वितरणको परम्परागत मोडललाई तत्काल बदल्न आवश्यक छ । राहत भनेको केवल त्रिपाल र चामलको बोरा बोकेर घटनास्थल पुग्नुमात्र होइन, पीडितको रोदन जहाँसम्म पुगेको छ, त्यहाँसम्म राज्यको सहयोगी र अभिभावकीय हात पुग्नु हो । रसुवा र नुवाकोटमा कतिको घरमात्र बगाएको छ भने बाहिर रहेका पीडितहरूको मानवीय जीवनको आधार बगाएको छ । यसरी आधार गुमाएकाहरूका लागि पनि राहत पुग्न अति आवश्यक छ ।

रसुवाको भोटेकोशी नदीमा आएको प्रलयकारी बाढीले एउटा भूगोललाई मात्र नभई सिंगो देशको मुटुमै गहिरो घाउ लगाइदिएको छ । सिन्धुपाल्चोकको तातोपानी नाका बन्द भएपछि रसुवागढी नाका चीनसँगको व्यापारको प्रमुख धमनी बनेको थियो । तीज र लगत्तै आउने दसैं-तिहारजस्ता ठूला चाडबाडका लागि सामान ओसारपसार गर्ने मुख्य समयमा बाढीले सडक र भौतिक संरचना ध्वस्त पार्दा नाका पूर्णरूपमा ठप्प हुन पुगी राष्ट्रिय अर्थतन्त्र र बजारमा सीधा असर परेको छ ।

यस बाढीले नुवाकोटको ऐतिहासिक ढुंगे, त्रिशूली, रसुवा र नुवाकोटको सीमावर्ती व्यापारिक, धार्मिक तथा सांस्कृतिक क्षेत्र बेत्रावती, त्यस्तै रसुवाको खाल्टे, मैलुङ, सल्लेटार, स्याफ्रुबेँसी र टिमुरेजस्ता साना-ठूला बजार र बस्तीहरूलाई पूर्णरूपमा उजाड बनाएको छ । यस बाढीले यतिमात्र नभएर त्रिशूली नदी करिडोरमा रहेका अर्बौं लगानीमा निर्माण सम्पन्न भएका र निर्माणाधीन जलविद्युत् आयोजनाहरूलाई पनि विनाश गरेको छ । यहाँभित्र रहेका बैंक तथा वित्तीय संस्था, घर, पसल, स्कुल, पुल-पुलेसा, सवारीसाधनको भौतिक क्षतिको हिसाब गर्दा मात्र पनि खर्बौंको क्षति रहेको छ ।

तर, यो भौतिक र आर्थिक क्षतिको हिसाबकिताबभन्दा पनि बढी हृदयविदारक पाटो मानवीय क्षति र सामाजिक विखण्डन हो, किनकि बाढीप्रभावित व्यक्तिहरू केवल रसुवा र नुवाकोटका स्थानीय बासिन्दामात्र थिएनन् । त्यहाँ नाका व्यवस्थापनमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र निजामती कर्मचारी, ढुवानीका चालक तथा सहचालक, लाङ्टाङ, गोसाइँकुण्ड र मानसरोवर हिँडेका सयौं तीर्थयात्री, पर्यटक तथा त्रिशूली करिडोरमा रहेका दर्जनौं जलविद्युत् आयोजनामा कार्यरत देशैभरिका इन्जिनियर तथा श्रमिकहरू थिए । अन्यत्रबाट आएर यस क्षेत्रमा पेसा-व्यवसाय गरेर बस्ने सयौं व्यक्तिहरू पनि यस विपत्तिमा ज्यान गुमाउने र सम्पर्कविहीन हुनेको सूचीमा छन् ।

यस विपत्तिमा ज्यान गुमाउने र सम्पर्कविहीन हुने नागरिकमध्ये रसुवा र नुवाकोटसँगै बाहिरी जिल्लाका मानिसहरूको संख्या पनि अत्यधिक छ, जसले गर्दा कतिपय घरको कमाउने मुख्य आधारस्तम्भ नै त्रिशूलीको भेलले सँगै सधैंका लागि बगाएको छ ।

विपत्तिको प्रकृतिअनुसार खोज, उद्धार र भौतिक संरचनाको पुनर्निर्माण कार्य घटनास्थलमै (रसुवा र नुवाकोटमा) हुनु मानवीय र प्राविधिक आवश्यकता र स्वाभाविक प्रक्रिया हो । तर, राहत र पुनःस्थापनाको सोच तथा प्रणाली भने प्रत्यक्ष प्रभावित परिवार जहाँ छन्, त्यहीँ पनि पुग्नुपर्ने हो । दुर्भाग्यवश, हाम्रो देशमा यस्तो खाले मानवीय सोच र दूरदर्शी संयन्त्र अझै बन्न सकेकै छैन, जसले गर्दा राहत केवल 'भौगोलिकरूपमा घटना भएको स्थान' मा मात्र केन्द्रित हुने गरेको छ । यसले गर्दा बाढीको प्रत्यक्ष बज्रपात परेका देशका अन्य कुनाकाप्चाका पीडित परिवार हरूसम्म राज्य र राहत पुऱ्याउने निकायहरूको ध्यानै पुग्न सकेको छैन ।

यदि पूर्वको इलाम वा पश्चिमको बैतडी वा अन्य कुनै जिल्लाका परिवारको कमाएर खुवाउने छोरा-बुहारी नै रसुवाको बाढीमा परेका छन् वा हराएका छन् भने, घरमा रहेका वृद्ध आमाबाबु र साना बालबालिकाको साँझ-बिहानको छाक टार्न मुस्किल परेको छ । तर, उनीहरू प्रत्यक्ष बाढीप्रभावित जिल्लाका बासिन्दा नभएका कारण राहत उनीहरूको ढोकासम्म पुग्ने नीति र संरचना हाम्रासामु छैन ।

विपद्को समयमा राहत संकलन र वितरणमा जुट्ने गैरसरकारी संघ-संस्थाहरूको ध्यान पनि केवल घटना घटेको जिल्लाभित्रै मात्र सीमित रहन्छ । बाढीको लेदो रसुवा वा नुवाकोटमा घरभित्र पसेर भौतिक क्षति हुनुभन्दा बढी विनाश त ती टाढाका परिवारको जीवनमा पसेको छ, जसको मुख्य कमाउने मान्छे नै बाढीमा हराएर परिवारको सर्वस्व गुमेको छ । घर नगुमे पनि परिवारको आधार गुमाएका यस्ता मानिसहरूलाई पनि उचित राहत र जीविकोपार्जन सहायताको उत्तिकै आवश्यकता छ ।

यस विपत्तिमा सबैभन्दा बढी मारमा परेका अर्को वर्ग भनेको घुम्न वा भ्रमणका लागि गएका पर्यटक, विभिन्न पेसा-व्यवसायका सिलसिलामा त्यहाँ पुगेका सर्वसाधारण र साना व्यवसायीहरू हुन् । देशका ७७ वटै जिल्लाका कोही न कोही नागरिक यस बाढीको चपेटामा परेको नमीठो यथार्थ हाम्रासामु छ । उनीहरूको न त रसुवामा घरबास थियो, न त उनीहरू कुनै संगठित संस्था वा कम्पनीमा कार्यरत थिए, जहाँबाट कुनै खाले बिमा वा सामाजिक सुरक्षाको सुविधा मिलोस् । उनीहरू बिल्कुलै सर्वसाधारण नागरिक थिए, जो केवल भ्रमण वा साना व्यवसायको सिलसिलामा त्यहाँ पुगेका थिए ।

यस्ता व्यक्तिहरू बाढीमा हराएपछि राज्यले न त खोजबिन गरेर 'सास' दिन सक्ने अवस्था रह्यो, न त शव पहिचान गरेर 'लास' नै सुम्पन सक्ने स्थिति बन्यो । यस्तो अत्यन्तै पीडादायी अवस्थामा ती सर्वसाधारणका आश्रित परिवारले राज्यबाट आखिर पाउने के ?

भन्नलाई अलि नमीठो लाग्न सक्छ, तर यस बाढीमा एक-दुई जिल्लालेमात्र होइन, सिंगो देशैभरिका परिवारले पनि ठूलो चोट व्यहोरेका छन् । रसुवा, नुवाकोट वा धादिङको बाढीप्रभावित क्षेत्रभन्दा बाहिर रहेका तर आफ्नो मूल अभिभावक गुमाएका ती असहाय परिवारको अधिकार र राहतबारे सरोकारवाला निकायहरूले कहिले सोच्ने ?

यस्तो अवस्थामा हालसम्मको विपद् व्यवस्थापन ऐन र राहत वितरणसम्बन्धी निर्देशिकाहरूमा रहेका नीतिगत तथा व्यावहारिक त्रुटिहरूलाई पनि आवश्यकता अनुसार तत्काल सच्याउनु अनिवार्य छ । राहत वितरण प्रणालीमा अब व्यापक सोच परिवर्तन आवश्यक छ । केवल घटनास्थलमा खाद्यान्न र त्रिपाल बाँड्नुलाई नै राहतको अन्तिम सीमा मान्ने प्रशासनिक संकुचितताले तमाम छुटेका वास्तविक पीडितसम्म न्याय पुऱ्याउन सक्दैन । जबसम्म देशका विभिन्न भागमा रहेका आश्रित परिवारले राज्यको उपस्थिति र राहतको अनुभूति गर्दैनन्, तबसम्म राहत प्रणाली पूर्ण मान्न सकिँदैन । राज्यले अब घटना भएको स्थानमामात्र सीमित नभई, मृतक र बेपत्ता नागरिकका स्थायी ठेगाना रहेका स्थानीय तहहरूसँग समन्वय गरी आश्रित परिवारको एकीकृत र पारदर्शी तथ्यांक तत्काल संकलन गर्ने परिपाटी बसाल्नुपर्छ ।

यसका साथै, खोज र उद्धारको कार्य घटनास्थलमा भएता पनि राहत, क्षतिपूर्ति र आर्थिक सहायता रकम प्रभावित परिवार बसोबास गरिरहेकै गृहजिल्ला वा स्थानीय तहमार्फत उनीहरूको हातमा पुऱ्याउने कानुनी र व्यावहारिक संयन्त्र बनाइनुपर्छ । घरको मुख्य कमाउने अभिभावक वा आधार गुमाएका परिवारका वृद्ध आमाबाबुको पालनपोषण र साना बालबालिकाको निःशुल्क शिक्षाका लागि राज्यले दीर्घकालीन सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नु अपरिहार्य छ । साथै, भविष्यमा यस्ता हिमाली र नदी करिडोरहरूमा हुने पूर्वाधार निर्माण गर्दा जलवायु जोखिमको सूक्ष्म अध्ययन गरी श्रमिक, पर्यटक र सर्वसाधारणको सुरक्षा सुनिश्चित गर्न विकास निर्माण र जलविद्युत् आयोजनाको सुरक्षा समीक्षा हुनुपर्छ ।

तसर्थ, राज्य र सम्बन्धित निकायहरूले विपद् व्यवस्थापन र राहत वितरणको परम्परागत मोडललाई तत्काल बदल्न आवश्यक छ । राहत भनेको केवल त्रिपाल र चामलको बोरा बोकेर घटनास्थल पुग्नुमात्र होइन, पीडितको रोदन जहाँसम्म पुगेको छ, त्यहाँसम्म राज्यको सहयोगी र अभिभावकीय हात पुग्नु हो । रसुवा र नुवाकोटमा कतिको घरमात्र बगाएको छ भने बाहिर रहेका पीडितहरूको मानवीय जीवनको आधार बगाएको छ । यसरी आधार गुमाएकाहरूका लागि पनि राहत पुग्न अति आवश्यक छ ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

## पाठक मञ्च

# बदलिँदो जनसांख्यिक संरचना, युवा पलायन र समृद्धिको चुनौती

सोमबारको प्रभाव दैनिकमा प्रकाशित 'बसाइँसराइले नेपाली समाजमा ल्याएको संरचनागत परिवर्तन र यसले नेपालमा समाजवाद निर्माणमा पार्ने प्रभाव' सम्बन्धी समाचार पढेपछि यो लेख लेख्ने प्रयास गरेको छु । जनसांख्यिक क्षेत्रका विज्ञहरू पद्मप्रसाद खतिवडा र योगेन्द्रबहादुर गुरुङले औंल्याएका तथ्यहरू केवल प्राज्ञिक बहसका विषयमात्र नभई आज सिंगो देशले भोगिरहेको तीतो यथार्थ हुन् । यो गम्भीर विषयमा नागरिकका तर्फबाट आफ्ना केही विचारहरू प्रस्तुत गर्न चाहन्छु ।

नेपाल हाल इतिहासकै सर्वाधिक संवेदनशील जनसांख्यिक मोडबाट गुजरिरहेको छ । एकातिर देशमा कूल जनसंख्याको ठूलो हिस्सा क्रियाशील युवाशक्तिका रूपमा उपलब्ध छ, जसलाई अर्थशास्त्रको भाषामा 'जनसांख्यिक लाभ' भनिन्छ । तर, विडम्बना नै भन्नुपर्छ, हामीले यो सुनौलो अवसरलाई मुलुकको आर्थिक वृद्धि र समृद्धिमा रूपान्तरण गर्न सकेका छैनौं । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक र विज्ञहरूको विश्लेषणअनुसार देशभित्रका करिब ३७ प्रतिशत मानिसहरू आफू जन्मेको स्थानमा छैनन् । पहाड र हिमालबाट तराई र सहरतर्फको आन्तरिक बसाइँसराइ तथा वैदेशिक रोजगारी र अध्ययनका नाममा भइरहेको अभूतपूर्व बाह्य युवा पलायनले गाउँहरू रित्तिँदै गएका छन् ।

ऐतिहासिकरूपमा सुगौली सन्धिपछि सुरु भएको वैदेशिक बसाइँसराइ र २०५२ पछिको सशस्त्र द्वन्द्वका क्रममा बढेको श्रम स्वीकृति लिनेको संख्या आज झनै तीव्र बनेको छ । विगतमा वैदेशिक रोजगारीका लागि भारतमा निर्भर रहने नेपाली श्रमशक्ति आज खाडी, मलेसिया, युरोप र अमेरिकातर्फ केन्द्रित भएको छ । दक्ष र ऊर्जाशील युवा जनशक्ति विदेसिँदा नेपालका ग्रामीण भेगमा खेतीयोग्य जमिन बाँझो बनेका छन्, परम्परागत कुटीर उद्योगहरू बन्द भएका छन् र स्थानीय तहमा विकास निर्माणका लागि सामान्य श्रमशक्तिसमेत पाउन मुस्किल परेको छ । यसले देशको उत्पादन सम्बन्ध र अर्थतन्त्रमा गम्भीर उथलपुथल ल्याएको छ ।

विज्ञहरूले औंल्याएझैं समाजवाद वा समृद्धिको आधार भनेको रोजगारी, सामाजिक समानता, उत्पादनका साधनमा नागरिकको पहुँच र सार्वजनिक सेवाको सुलभता हो । तर, हाम्रो समाजमा विद्यमान नीतिगत असमानता, भ्रष्टाचार, सिण्डिकेट, सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको तीव्र व्यापारीकरणका कारण आमनागरिकमा तीव्र निराशा छाएको छ । गाउँमा रोजगारी नहुनु, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अभाव हुनु, र प्राकृतिक प्रकोप तथा असुरक्षाका कारण मानिसहरू बाध्य भएर स्वेच्छिक वा बाध्यकारी बसाइँसराइ गर्न विवश छन् । जबसम्म राज्यले यी संरचनागत समस्याहरूलाई नीतिगतरूपमा सम्बोधन गर्दैन, तबसम्म कागजीरूपमा समाजवाद वा समृद्धिको नारा लगाउनुको कुनै अर्थ रहँदैन ।

जनसंख्यालाई केवल 'संख्या' वा टाउकाको गणनाका रूपमा नभई स्रोत, साधन र साध्यका रूपमा हेर्नुपर्ने विज्ञहरूको तर्क अत्यन्त मननीय छ । घट्दो जन्मदर र बढ्दो ज्येष्ठ नागरिकको संख्यालाई ध्यानमा राख्दै उपलब्ध युवा जनसंख्यालाई देशभित्रै सम्मानजनक रोजगारी, उद्यमी बन्ने वातावरण र प्रविधिमैत्री शिक्षाको व्यवस्था मिलाउनु राज्यको प्राथमिकता हुनुपर्छ । कृषि, उद्योग, पूर्वाधार र पर्यटनजस्ता उत्पादनशील क्षेत्रमा राज्यले लगानी बढाएर युवाहरूलाई उत्पादन प्रक्रियामा जोड्नु अनिवार्य भइसकेको छ ।

तसर्थ, सरकार र नीति निर्माताहरूले बहसमामात्र सीमित नरही यस जनसांख्यिक संकटलाई समयमै अवसरमा बदल्ने ठोस रणनीतिक योजना ल्याउनुपर्छ । युवा पलायनलाई रोकी स्वदेशमै उनीहरूको ऊर्जा, सीप र क्षमताको सदुपयोग गर्न सकिएमामात्र संविधानले परिकल्पना गरेको समृद्ध, आत्मनिर्भर र समाजवादउन्मुख नेपालको सपना साकार हुन सक्छ । काठमाडौंका सभाहलहरूमा हुने बहस नीतिगत सुधारका टेबुलसम्म पुगोस् भन्ने अपेक्षा गर्दछु ।

**- अच्युत पाठक**
बूढानीलकण्ठ, काठमाडौं

## जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ ।** -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पहिचान नभएका शवको व्यवस्थापन

**त्रिशूली (नुवाकोट)**– भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीमा परेर ज्यान गुमाएका व्यक्तिको पहिचान नभएका शवको यहाँको विदुर नगरपालिका–६ स्थित खम्पाक्याम्पमा व्यवस्थापन गरिएको छ ।

रसुवाको विभिन्न स्थानबाट संकलन गरिएको ६३ र नुवाकोटको दुईसहित ६५ शवको व्यवस्थापन गरिएको हो । यसअघि नुवाकोट र रसुवाबाट संकलन भएका शव काठमाडौं पठाउँदै आएकोमा स्थान अभावको कारण जिल्लामा नै व्यवस्थापन गर्न भनेसँगै 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम संकलन गरिएका शवको खाडलमा पुरेर व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक बिपीन रेग्मीले जानकारी दिए ।

उनका अनुसार डिएनए परीक्षणका लागि नमूना संकलन गरेर परीक्षणमा मेल खाएमा आफन्तलाई सहजै उपलब्ध गराउन सकिने गरेर अन्तर ाष्ट्रिय मापदण्डसहित व्यवस्थित र वैज्ञानिकरूपमा शवको व्यवस्थापन गरिएको छ ।

'खाडलमा राख्नुअघि प्रत्येक शवको डिएनएका लागि नमूना संकलन, शव गाड्न निश्चित दूरीअनुसार स्थान निर्धारण, शव वा शवका टुक्रालाई विशेष प्रकारको ब्यागमा राखेर ब्यागभित्रै शवको पहिचान खुल्ने संकेत नम्बरसमेत उल्लेख गरेर व्यवस्थापन गरिएको छ,' प्रहरी उपरीक्षक रेग्मीले भने, 'व्यवस्थापन भएका शव आगामी दिनमा पहिचान भई निकाल्नुपरेमा सहज बनाउन कंक्रिटको ढलानमा शवलाई दिइएको संकेत नम्बर जमिनको सतहमा राखेर जिपिएस नक्सांकनसमेत समावेश गरिएको छ ।'

भोटेकोशी हुँदै त्रिशूली नदीमा यही भदौ १० मा आएको विनाशकारी बाढीमा परेर अहिलेसम्म नुवाकोटमा २०२ र रसुवा १८६ शव भेट्टिएका छन् । त्योमध्ये रसुवामा १० जना र नुवाकोटमा १८ जनाको पहिचान भएसँगै सम्बन्धित परिवारले बुझेका छन् भने बाँकी शव यसअघि व्यवस्थापनका लागि काठमाडौं पठाइएको थियो ।

नुवाकोट र रसुवाबाट पहिचान नभएका शव शिक्षण अस्पताल महाराजगञ्जमा पठाउँदै आएकामा अबका दिनमा 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका अनुसार शवको व्यवस्थापन गर्न भनेपछि विदुर नगरपालिका–६ खम्पाक्याम्पस्थित केन्द्रीय कारागार र फोहोरको डम्पिङ क्षेत्र नजिकैको सुरक्षित स्थानमा व्यवस्थापन गरिएको हो । *रासस*

# राजनीतिक प्रदर्शनमा नेपाली संग्रहालयको सुरक्षा जोखिम उच्चः अध्ययन

**काठमाडौं**– नेपालमा राजनीतिक आन्दोलन तथा हुलदंगाको समयमा संग्रहालयको सुरक्षा प्रणाली कमजोर रहेको एक अध्ययनले देखाएको छ । संग्रहालयहरूमा आधारभूत भौतिक सुरक्षा व्यवस्था रहे पनि संस्थागत सुरक्षा नीति, नियमित सुरक्षा अडिट, प्रशिक्षित जनशक्ति, आपत्कालीन तयारी र राजनीतिक अशान्तिका समयमा संग्रहालय तथा सम्पदाको संरक्षण गर्ने स्पष्ट कार्यप्रणालीको अभाव रहेको अध्ययनले औंल्याएको हो ।

अन्तर्राष्ट्रिय संग्रहालय परिषद् (आइकम) नेपालले गरेको 'राजनीतिक द्वन्द्वको समयमा संग्रहालय उत्थानशीलता र सांस्कृतिक सम्पदाको सुरक्षा' विषयक शीर्षकको उक्त अध्ययनले राजनीतिक प्रदर्शनीका क्रममा संग्रहालयहरूले जबर्जस्ती प्रवेश, चोरी तथा लुटपाट, तोडफोड, आगजनी तथा धुवाँबाट हुने क्षति, भीड तथा नागरिक अशान्ति, सांस्कृतिक वस्तुको अवैध ओसारपसार, कर्मचारी तथा आगन्तुकको सुरक्षा, विद्युत् तथा आपत्कालीन सेवामा अवरोध र संग्रहालयका वस्तुको सुरक्षाको जोखिम सामना गर्नुपर्ने परेको देखाएको छ ।

अध्ययनअनुसार धेरै संग्रहालयमा सुरक्षा गार्ड, सिसिटिभी, परिसरको पर्खाल, ताल्चा तथा ग्यालरी सुरक्षा जस्ता आधारभूत भौतिक सुरक्षा उपाय उपलब्ध भएता पनि औपचारिक संस्थागत सुरक्षा नीति र प्रणालीगत सुरक्षा, संग्रहालय विशेष सुरक्षा तालिमको सीमितता तथा राजनीतिक अशान्तिका लागि पूर्वतयारीको अभाव मुख्य कमजोरीका रूपमा देखिएका छन् । मानिस र वस्तुलाई दैनिक जोखिमबाट जोगाउने, जानाजानी हुने जोखिम रोक्ने, संग्रह, सम्पदा मूल्य र संस्थागत दायित्वको समग्र संरक्षण गर्ने र संकटपछि पुनःस्थापित भएर निरन्तर सेवा दिन सक्ने क्षमतालाई एकीकृतरूपमा विकास गर्नुपर्ने अध्ययनको सुझाव छ ।

अध्ययनले २०२५ को 'जेन-जी' आन्दोलनमा सिंहदरबारलगायत ऐतिहासिक तथा पुरातात्विक भवनमा क्षति पुग्नाका साथै कतिपय प्राचीन वस्तु तथा अभिलेखमा पनि क्षति पुगेको र केही संग्रहालय सञ्चालन तथा सञ्चालन संकटमा परेको जस्ता घटना अध्ययनका तथ्यहरू पनि उजागर गरेको छ ।

कार्यक्रममा पुरातत्त्व विभागमा महानिर्देशक डा. सुरेश सुरस श्रेष्ठले राजनीतिक आन्दोलनको प्रभाव संग्रहालयका भवन वा वस्तुको भौतिक क्षतिमामात्र सीमित नहुने भन्दै संग्रहालय बन्द गर्नुपर्ने अवस्था, सञ्चालन खर्च वृद्धि, आगन्तुक तथा आम्दानीमा कमी, चोरी-लुटपाट र अवैध कारोबारको जोखिम, कर्मचारीमा असुरक्षा तथा मनोवैज्ञानिक तनाव, संरक्षण कार्य र संस्थागत निर्णय प्रक्रियामा अवरोधजस्ता समस्या पनि उत्पन्न हुने अनुभव सुनाउँदै यो अध्ययनले संग्रहालय सुरक्षाको सवालमा नेपालमै पहिलोपटक यी आयामहरूलाई व्यवस्थित ढंगले बाहिर ल्याएको बताए ।

प्रा.डा. सोमप्रसाद खतिवडा, भीम नेपाल, डा हरि थापाले अध्ययनलाई अझ विशिष्ट र विस्तृत बनाउन संग्रहालय सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्ड, नेपालका विशिष्ट घनाक्रमहरूलाई जोडेर विश्लेषण गर्न सुझाव दिएका थिए । *रासस*

# रसुवा बाढीका ३४१ बिरामीमध्ये २७८ घर फर्किए

**काठमाडौं (प्रस)**– रसुवामा आएको आकस्मिक बाढीबाट प्रभावित भई विभिन्न १९ वटा स्वास्थ्य संस्थामा भर्ना भएका ३४१ बिरामीमध्ये २७८ जना उपचारपछि निको भई घर फर्किएका छन् ।

समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्न सके क्वार्टरफाइनलमा बलियो टोलीसँग प्रतिस्पर्धा गर्न पाइने भएकाले टोलीले उच्च मनोबलका साथ खेल्नुपर्ने उनको भनाइ छ । 'हामीले गोल्ड मेडलको आशा गरेर खेल्नुपर्छ । क्रिकेटमा त्यो सम्भावना पनि छ । टी-२० ढाँचामा जुन टोलीले जसलाई पनि हराउन सक्छ,' राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य रहेका गौचनले भने, 'एसियन गेम्स ठूलो प्रतियोगिता भएकाले खेलाडीसामु आफ्नो क्षमता देखाउने अवसर पनि हो । केही वर्षयता टी-२० आई क्रिकेटमा लगातार राम्रो गरिरहेकाले आसन्न एसियन गेम्समा पनि नेपालले राम्रो नतिजा ल्याउनेछ ।'

उनले आफूले एसियन गेम्स खेल्दाको अनुभव पनि सुनाए । 'मैले तीन संस्करणमध्ये सन् २०१४मा भएको एसियन गेम्समा खेल्ने मौका पाएको थिए । त्यतिबेला हामीले क्वार्टरफाइनलसम्मको यात्रा गरेका थियौं । अफगानिस्तानसँगको हारले यात्रा रोकिएको थियो । यसपालि नेपालले समूह चरणमै अफगानिस्तानसँग खेल्दैछ, आशा छ टोलीले उच्चस्तरको प्रदर्शन गर्नेछ,' गौचनले भने, 'त्योबेला र अहिले नेपाली क्रिकेटमा धेरै परिवर्तन छ । टी-२० ढाँचाका लागि हामीसँग खेलाडीको विकल्प बढेको छ । टोलीको वरीयतादेखि अन्य पक्षमा धेरै सुधार भएको छ ।'

नेपालले क्रिकेटतर्फ पहिलोपटक सन् २०१० को एसियाली कुलकदमा प्रतिस्पर्धा गरेको थियो । चीनको ग्वाङ्झाउमा भएको उक्त संस्करणमा नेपालले समूह चरणमा हङकङविरुद्ध ३० रनको पराजय व्यहोर्दा माल्दिभ्सविरुद्ध ७५ रनको एकतर्फी जित निकालेको थियो ।

समूह उपविजेताको रूपमा क्वार्टरफाइनलमा पुगेको नेपाली टोली श्रीलंकाविरुद्ध २ विकेटले पराजित भयो । नेपाली क्रिकेट टोलीले दोस्रोपटक सन् २०१४ को एसियाली खेलमा सहभागिता जनाएको थियो । दक्षिण कोरियाको इन्चोनमा भएको त्यस संस्करणमा नेपालले समूह चरणमा कुवेतविरुद्ध ९ विकेट र माल्दिभ्सविरुद्ध सात विकेटको फराकिलो जित दर्ता गरेको थियो ।

क्वार्टरफाइनलमा भने नेपाल अफगानिस्तानसँग ८ रनले स्तब्ध भयो । नेपालले तेस्रोपटक १३ वर्षपछि एसियाली खेलकुदको क्रिकेट प्रतियोगितामा प्रतिस्पर्धा गऱ्यो । सन् २०२३ मा चीनको हाङ्झाउमा भएको उक्त संस्करणमा नेपालले समूह चरणमा मंगोलियाविरुद्ध २७३ रन तथा माल्दिभ्सविरुद्ध १३८ रनको जित निकालेको थियो ।

क्वार्टरफाइनलमा भने नेपालले पुन: विगतकै नतिजा दोहोऱ्यायो । गत संस्करणमा क्वार्टरफाइनलमा नेपालले भारतविरुद्ध २३ रनको हार व्यहोरेको थियो । यसरी हेर्दा तीन संस्करणसम्म आइपुग्दा नेपाल क्वार्टरफाइनलमा रोकिएको छ । नेपालसामु यसपालि विगतको नतिजामा सुधार गर्दै अघिल्लो चरण पुग्ने चुनौती छ ।

प्रतियोगितामा नेपालले समूह चरणमा असोज ९ गते अफगानिस्तान र असोज १० गते जापानविरुद्ध खेल्ने तालिका छ । समूह चरणमा तालिकाको शीर्ष दुईमा स्थानमा हासिल बनाउन सके नेपालले क्वार्टरफाइनलमा भारत र श्रीलंकामध्ये एउटा टोलीविरुद्ध खेल्ने अवसर पाउनेछ ।

आसन्न संस्करणको एसियाली खेलकुदका लागि नेपाल ओलम्पिक कमिटीले १५ सदस्यीय टोली घोषणा गरिसकेको छ । टिममा दीपेन्द्र सिंह ऐरी (कप्तान), रोहितकुमार पौडेल, आसिफ शेख, कुशल भुर्तेल, लोकेश बम, सन्दीप जोरा, कुशल मल्ल, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, आरिफ शेख, गुल्शनकुमार झा, नन्दन यादव, ललित राजवंशी र शेर मल्ल रहेका छन् । *रासस*


**साउदी/युएइमा रोजगार** कम्पनी : BARRAK NASSER MASOUD ALDOSSARI FOR TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८१/०७/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 313654 चलानी नं. ६०२२८०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | १०१,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAJ STONES

पूर्व स्वीकृति मिति : २०८३//०५/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ LT. No. 347445 चलानी नं. ६०२६०६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Quarry Labour | 25 | 0 | 1100 | ४५,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75



**कतारमा रोजगार** कम्पनी : TRIANGLE GROUP

पूर्व स्वीकृति मिति : २०८२/११/१३ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/२९ LT. No. 339474 चलानी नं. ६०२५२९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | 2500 | १,०४,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Skilled Building Worker | 2 | 0 | 1000 | ४१,९१९ | | | | | | | |
| 3. | Office Cleaner | 2 | 0 | 1000 | ४१,९१९ | | | | | | | |
| 4. | Labour For Concrete | 3 | 0 | 1000 | ४१,९१९ | | | | | | | |
| 5. | Labour | 4 | 0 | 1000 | ४१,९१९ | | | | | | | |
| 6. | Driver | 1 | 0 | 1700 | ७१,२६३ | | | | | | | |
| 7. | Carpenter (Concrete) | 2 | 0 | 1200 | ५०,३०३ | | | | | | | |
| 8. | Carpenter | 1 | 0 | 1200 | ५०,३०३ | | | | | | | |
| 9. | Bldg. Painter | 4 | 0 | 1200 | ५०,३०३ | | | | | | | |
| 10. | Blacksmith | 5 | 0 | 1200 | ५०,३०३ | | | | | | | |
| 11. | Asst. To Plasterer | 4 | 0 | 1200 | ५०,३०३ | | | | | | | |
| 12. | Assistant To Carpenter | 1 | 0 | 1200 | ५०,३०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ६ गते (22th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**B. D. INTERNATIONAL RECRUITMENT SERVICES PVT. LTD.**
Batishputali, Kathmandu, Nepal, Tel No: 01-5925622, Mobile: 9801024865,
Email Id: info@bdinternational.com.np, bdinternationalrecruitment@gmail.com, Web: www.bdinternational.com.np
श्रम ईजाजत नं. १७३०/०८१/०८२


## एकदिने आइकिदो सेमिनार सम्पन्न




काठमाडौं (प्रस)– नेपाल आइकिदो संघले एक दिने आइकिदो सेमिनार आयोजना गरेको छ । सोमबार ललितपुरको लोहाचोकस्थित बहुउद्देश्यीय भवनको हलमा सेमिनार आयोजना गरिएको हो ।

सेमिनारमा प्रमुख अतिथिका रूपमा उपस्थित सिंगापुर गोरखा डोजोका प्रमुख प्रशिक्षक मदन राईले सहभागीहरूलाई प्रशिक्षण दिए । संघका पदाधिकारीहरू तथा खेलाडीहरू, विद्यालयका आइकिदो खेलाडीहरू सेमिनारमा सहभागी भएका थिए । सेमिनारको संयोजन आइकिदो संघका उपाध्यक्ष मणिकुमार सुनुवार र संघका प्रमुख प्रशिक्षक नहकुल राईले गरेका थिए ।



भारतको चेन्नईमा सोमबार 'गणेश चतुर्थी' पर्वका अवसरमा भारतीय मुद्राका नोटहरूबाट बनाइएको हात्तीको टाउको भएका हिन्दू देवता गणेशको मूर्तिको अगाडि प्रार्थना गर्दै एक भक्त । *तस्बिर: एएफपी*

# ट्रम्प प्रशासनद्वारा विद्युत् केन्द्रका कार्बन उत्सर्जन सीमा खारेज गर्ने तयारी

**वासिङ्टन–** अमेरिकी सञ्चारमाध्यमका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले सोमबार कोइला र ग्यासबाट सञ्चालन हुने विद्युत् केन्द्रमा लागू जलवायु प्रदूषणसम्बन्धी सीमाहरू हटाउने घोषणा गर्ने तयारी गरेको छ ।

यस परिवर्तनले पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनले सन् २०२४ मा ल्याएका नियमलाई उल्टाउने छ । ती नियमले कोइला र ग्यासबाट सञ्चालन हुने विद्युत् केन्द्रलाई आफ्नो लगभग सम्पूर्ण कार्बन उत्सर्जन घटाउन वा हटाउन बाध्य बनाएको थियो ।

ब्लुमबर्ग न्युज र न्युयोर्क टाइम्सले यस विषयमा जानकारी राख्ने व्यक्तिलाई उद्धृत गर्दै आइतबार जनाएअनुसार, वातावरण संरक्षण एजेन्सी (इपिए) का प्रशासक ली जेल्डिनले ह्युस्टनमा हुने जी-२०



ऊर्जामन्त्रीहरूको बैठकमा उक्त परिवर्तनको घोषणा गर्ने अपेक्षा गरिएको छ ।

न्युयोर्क टाइम्सका अनुसार प्रस्तावित नयाँ नियमअन्तर्गत विद्युत् केन्द्रहरू मर्करी, आर्सनिकलगायत अन्य प्रदूषकमाथि लागू केही सीमाको दायरा भने कायम रहने छ । कोइला सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने जीवाश्म इन्धनमध्ये एक हो र यसले जलवायु परिवर्तनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

ट्रम्पले मानिसका कारण हुने जलवायु परिवर्तनलाई पटक-पटक धोखा भन्दै आएका छन् । गत वर्ष पुनः राष्ट्रपतिको पद सम्हालेयता उनले धेरै वातावरणीय नियम उल्टाउने प्रयास गरे, जसमध्ये धेरैले जीवाश्म इन्धनको प्रयोग र उत्सर्जन सीमित गर्ने व्यवस्था गरेका थिए ।

यसै वर्ष इपिएले सन् २००९ को आफ्नो 'एण्डेन्जरमेन्ट फाइण्डिङ'समेत खारेज गरेको थियो । उक्त वैज्ञानिक निष्कर्षले हरितगृह ग्यास उत्सर्जनले जनस्वास्थ्य र जनकल्याणलाई खतरामा पार्ने ठहर गरेको थियो । *रासस/एएफपी*

# हुथीको नयाँ कदमले बढायो लालसागरको सुरक्षा चिन्ता

**कायरो–** यमनका इरान-समर्थित हुथी विद्रोहीले दक्षिणी लाल सागरका थप रणनीतिक टापुहरू कब्जा गरेका छन् । सरकारी र हुथी अधिकारीका अनुसार सोमबार भएको यो कदमले महत्त्वपूर्ण समुद्री जलमार्गमा विद्रोहीको नियन्त्रण थप बलियो बनाएको छ ।

हुथीहरूले 'ग्रेटर हानिश' र 'लेसर हानिश' टापुमा नियन्त्रण कायम गरेका हुन् । यो घटनाक्रम साउदी अरबको समर्थन प्राप्त यमनी सरकारी सेनाले 'बाब अल-मान्देब जलसन्धि' आसपास हुथीहरूको तीव्र अग्रगमन रोक्न जवाफी कारबाहीको प्रयास गरिरहेका बेला भएको हो ।

विश्व व्यापार र तेल ढुवानीका लागि महत्त्वपूर्ण मानिने बाब अल-मान्देब जलसन्धि लाल सागर एडेनको खाडी र हिन्द महासागरसँग जोड्ने प्रमुख समुद्री मार्ग हो ।

सरकारी दुई अधिकारी र एक हुथी अधिकारीका अनुसार सरकारी गठबन्धनका सयौं सैनिक उक्त द्वीपसमूहबाट पछि हटेपछि हुथी लडाकु बाब अल-मान्देबबाट करिब १६० किलोमिटर उत्तरमा रहेका हानिश टापुमा तैनाथ भएका हुन् । पत्रकारसँग कुरा गर्ने अनुमति नभएकाले उनीहरूले नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिएका थिए ।



हुथीहरूले गत साता नजिकैको मुख्य भूमिमा रहेको बन्दरगाह सहर मोखा र बाब अल-मान्देबभित्र पर्ने मायुन टापु कब्जा गरेका थिए । पछिल्लो अग्रगमनसँगै उनीहरू जलसन्धिको अर्को किनारमा रहेको जिबुटीस्थित अमेरिकी सैन्य आधारबाट करिब ३२ किलोमिटरको दूरीमा पुगेका छन् । हुथीहरूको पछिल्लो सफलताले उनीहरूलाई लाल सागर हुँदै हुने साउदी तेल ढुवानीमा थप दबाब सिर्जना गर्ने क्षमता दिएको छ । यस क्षेत्रको तनाव बढ्दा विश्वव्यापी तेल आपूर्ति र मूल्यमासमेत असर पर्न सक्ने चिन्ता बढेको छ ।

सरकारी सेनाले सुरुमा खासै प्रतिरोध नगरी पछाडि हटे पनि सप्ताहन्तमा पुनः संगठित हुने प्रयास गरेको थियो । यमनी सेनाले आइतबार अबेर जलसन्धिको उत्तरमा रहेको रणनीतिक सहर धुबाबतर्फ सरकारी सेना अघि बढिरहेको जनाएको छ । तीन वर्षदेखि तुलनात्मकरूपमा कायम रहेको युद्धविरामपछि यमनमा पुनः बढेको लडाइँले देशलाई पूर्णस्तरीय गृहयुद्धतर्फ फर्काउने जोखिम बढाएको छ । *रासस/एपी*

# चीनले इरानलाई सूचना दिएको खबर ट्रम्पद्वारा अस्वीकार

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी क्षेप्यास्त्र आक्रमणमा तीन अमेरिकी सैनिकको मृत्यु हुनुअघि र पछि जोर्डनस्थित अमेरिकी सैन्य अड्डाका स्याटेलाइट तस्बिर चिनियाँ संस्थाले इरानलाई उपलब्ध गराएको भन्ने समाचारलाई बेवास्ता गरेका छन् ।

वाल स्ट्रिट जर्नलले चिनियाँ संस्थाले तेहरानलाई उक्त सैन्य अड्डाका तस्बिर उपलब्ध गराएको समाचार सार्वजनिक गरेको भोलिपल्ट आइतबार एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले अमेरिका र चीनबीच एकअर्काको गुप्तचर गतिविधि हुने बताए । 'उनीहरूले हाम्रो जासुसी गर्छन् भने हामी पनि उनीहरूको जासुसी गर्छौं,' उनले भने ।

जुलाई १७ मा इरानले जोर्डनस्थित मुवाफाक सल्टी एयर बेसमा क्षेप्यास्त्र आक्रमण गर्दा तीन अमेरिकी सैनिकको मृत्यु भएको थियो । जर्नलले उद्धृत गरेका नाम नखुलाइएका अमेरिकी अधिकारीहरूले स्याटेलाइट तस्बिर उपलब्ध गराउने चिनियाँ संस्थाको नाम खुलाएका छैनन् र चिनियाँ सरकार प्रत्यक्षरूपमा संलग्न रहेको आरोपसमेत लगाएका छैनन् ।

चिनियाँ अधिकारीहरूले स्याटेलाइट तस्बिर हस्तान्तरण भएको प्रमाण मागेको तथा चिनियाँ कम्पनीहरू तेहरानलाई तस्बिर उपलब्ध गराउन संलग्न रहेको स्वीकार गर्न अस्वीकार गरेको जर्नलले जनाएको छ ।

यस घटनाले सेप्टेम्बर २४ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको ह्वाइट हाउस भ्रमणअघि वासिङ्टन र बेइजिङबीचको तनाव बढाउन सक्ने देखिएको छ । राष्ट्रपति ट्रम्पले चीनलाई इरानलाई हतियार बिक्री नगर्न चेतावनी दिँदै आएका छन् । मे महिनामा अमेरिकाले इरानको सैन्य गतिविधिमा सहयोग गरेको आरोपमा चीनमा आधारित तीन स्याटेलाइट कम्पनीमाथि प्रतिबन्ध लगाएको थियो ।

चीन इरानको प्रमुख आर्थिक साझेदार हो र उसको ठूलो परिमाणको तेल खरिद गर्नुका साथै तेहरानलाई कूटनीतिक समर्थन गर्दै आएको छ । यद्यपि, राष्ट्रपति ट्रम्पले राष्ट्रपति सीसँग सम्बन्ध उचित रहेको बताए । *रासस/एएफपी*

# एआईबाट राष्ट्रिय सुरक्षामा जोखिममा परेको चिनियाँ गुप्तचर सुरक्षामन्त्रीको भनाइ

**बेइजिङ–** कृत्रिम बुद्धिमत्ता (एआई) ले देशको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको चीनका गुप्तचर संस्थाका प्रमुखले चेतावनी दिएका छन् । विदेशी शक्तिहरूले यस प्रविधिलाई सामाजिक व्यवस्थामाथि खतरा पार्न प्रयोग गर्न सक्ने उनले सोमबार बताएका छन् ।

गुप्तचर सेवा तथा सुरक्षामन्त्री चेन यिसिनले आइतबार अनलाइन प्रकाशित लेखमा लेखेका छन्, 'प्रतिद्वन्द्वी शक्ति' ले जेनेरेटिभ एआई प्रविधिहरूको दुरूपयोग गरी 'राजनीतिक अफवाहहरू फैलाउने र हानिकारक जानकारी फैलाउने' काम गरिरहेका छन् ।'

'उनीहरूले चीनविरुद्ध सार्वजनिक मत युद्ध र संज्ञानात्मक युद्ध सुरु गर्छन्, जसले हाम्रो राजनीतिक सुरक्षा, संस्थागत सुरक्षा र वैचारिक सुरक्षालाई प्रत्यक्षरूपमा खतरामा पार्छ,' उनले भने ।

यो चेतावनी चिनियाँ नेता सी चिनफिङ यस महिना वासिङ्टनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटघाट गर्न लागेका बेला आएको हो । प्रविधिको बढी निगरानीका लागि आवाज उठिरहेका कारण एआई प्रशासन र सुरक्षा उनीहरूको छलफलको हिस्सा हुने अपेक्षा गरिएको छ ।

अमेरिकी प्रविधि अधिकारीहरूले पनि एआईको प्रगतिलाई सुस्त बनाउनुपर्ने आह्वान गरेका छन् । सुपरइन्टेलिजेन्ट कम्प्युटर प्रणालीहरूको जोखिमबारे चिन्ता बढिरहेका समय एन्थ्रोपिकका कार्यकारी प्रमुख डारियो अमोदेईले पनि शनिबार एआई प्रविधि विकासको 'लापरवाहपूर्ण' गतिबारे चेतावनी दिएका थिए ।

ओपन एआईका लगानीकर्ता स्याम अल्टम्यानले अमोदेईको मूल्यांकनसँग सहमति जनाएका छन् । 'एआई अहिले विश्वव्यापी प्रविधि प्रतिस्पर्धाको मुख्य युद्धभूमि र प्रमुख शक्तिहरूबीच रणनीतिक प्रतिद्वन्द्विताको नयाँ मार्ग बनेको छ,' चेनले भने, 'अस्तित्वसम्बन्धी जोखिम वा प्रविधि प्रगतिमा ब्रेक लगाउने कुरा उल्लेख गर्नुभएन तर एन्थ्रोपिकको क्लाउड मिथोस र ओपन एआईको च्याटजीपीटी (५.५साइबर) लाई उनीहरूको उन्नत ह्याकिङ क्षमताले चीनको महत्त्वपूर्ण सूचना पूर्वाधारमा गम्भीर जोखिम निम्त्याउन सक्छ ।'

चेनले भने, 'विदेशी खुफिया एजेन्सीहरूले वेब क्रलर, डाटा माइनिङ र प्रोफाइलिङ विश्लेषणजस्ता प्रविधिहरू गहिरो रूपमा प्रयोग गरी प्रमुख राष्ट्रिय डाटा, व्यापारिक गोप्य जानकारी र नागरिकहरूको व्यक्तिगत गोपनीयताजस्ता संवेदनशील जानकारी व्यापकरूपमा संकलन र प्राप्त गरिरहेका छन् ।'

अमेरिका-इरान युद्धले पनि सैन्य क्षेत्रमा एआईको प्रमुख भूमिका देखाएको छ, जहाँ राम्रो प्रविधिले युद्धमैदानमा फाइदा दिने पुष्टि भएको छ उनले बताएका छन् । चेनले भने, 'चीनले एआई मोडेलहरू तालिम दिन अत्यावश्यक उन्नत कम्प्युटर चिपहरू समावेश मुख्य प्रविधिहरूको स्वतन्त्र नियन्त्रण सुनिश्चित गर्नुपर्छ ।' *रासस/एएफपी*

# बेइजिङमा ड्रोन राख्न प्रतिबन्ध

**बेइजिङ–** चीनको राजधानी बेइजिङले आगामी नोभेम्बर १५ देखि सहरभित्र ड्रोन राख्न तथा भण्डारण गर्न प्रतिबन्ध लगाउने भएको छ । सुरक्षालाई कारण देखाउँदै ल्याइएको नयाँ नियमले ड्रोन तथा त्यसका पार्टपुर्जा सहरभित्र ल्याउन र अनधिकृतरूपमा उडाउनसमेत रोक लगाउने छ ।

करिब दुई करोड २० लाख जनसंख्या रहेको बेइजिङमा गत जुनमा एउटा सानो विमान गगनचुम्बी भवनमा ठोक्किँदा चालकको मृत्यु र अन्य १३ जना घाइते भएपछि हवाई सुरक्षाबारे चिन्ता बढेको थियो । नगर सरकारले राजधानीको सुरक्षा सुनिश्चित गर्न नयाँ व्यवस्था आवश्यक भएको जनाएको छ ।

गत मेदेखि नै बेइजिङमा ड्रोन बिक्रीमा प्रतिबन्ध लगाइएको थियो भने ड्रोनका मालिकले आफ्ना उपकरण दर्ता गर्नुपर्ने व्यवस्था थियो । नयाँ नियमअनुसार ड्रोनधनीले नोभेम्बर १५ भित्र आफ्ना उपकरण नष्ट गर्न वा सहरबाहिर लैजानुपर्ने छ । सरकारले त्यसका लागि पुनःखरिद तथा निःशुल्क ढुवानी सुविधा उपलब्ध गराउने भएको छ ।

आतंकवाद नियन्त्रण, कृषि, विपद् उद्धार र अनुसन्धानजस्ता विशेष प्रयोजनका लागि भने नयाँ व्यवस्थाअन्तर्गत छुट दिन सकिने छ । *रासस/एएफपी*

# उत्तर कोरियाद्वारा सैन्य शक्ति प्रदर्शनको दाबी

**सियोल–** उत्तर कोरियाले क्षेप्यास्त्र, तोपखाना र ड्रोनसहित संयुक्त प्रत्यक्ष गोलीबारी अभ्यास गरी 'विशाल विनाशकारी शक्ति' प्रदर्शन गरेको दाबी गरेको छ । दक्षिण कोरियासँगको सैन्य अभ्यास घटाउने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयका बाबजुद उत्तर कोरियाले सैन्य परीक्षण तीव्र पारेको विज्ञहरूले बताएका छन् ।

उत्तर कोरियाको सरकारी सञ्चारमाध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए)का अनुसार शनिबारको अभ्यास एकीकृत हतियार नियन्त्रण प्रणालीको क्षमता परीक्षणमा केन्द्रित थियो । दक्षिण कोरियाली सेनाले सोही दिन वोनसन क्षेत्रबाट छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण भएको र त्यो पूर्वी समुद्रतर्फ करिब २५० किलोमिटर उडेको बताएको छ ।

अभ्यासको निरीक्षणपछि उत्तर कोरियाली मार्सल पाक जोङ चोनले एकीकृत हतियार प्रणालीले ठूलो स्तरमा एकीकृत रूपमा प्रहार गर्न सक्ने क्षमता देखाएको बताएका छन् । उत्तर कोरियाले गरेका हतियार परीक्षणसम्बन्धी दाबी भने स्वतन्त्र रूपमा पुष्टि गर्न कठिन हुने गरेको छ ।

अमेरिका, दक्षिण कोरिया र जापानको संयुक्त सैन्य अभ्यास सकिएको एक दिनपछि उत्तर कोरियाले उक्त अभ्यास गरेको हो । गत अगस्टमा राष्ट्रपति ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग सम्बन्ध सुधार गर्ने प्रयासस्वरूप दक्षिण कोरियासँगको प्रमुख सैन्य अभ्यास उल्लेख्यरूपमा घटाउन निर्देशन दिएका थिए । उत्तर कोरियाले अभ्यासको अवधि घटाउँदैमा त्यसको 'उत्तेजक र आक्रामक प्रकृति' नबदलिने भन्दै प्रस्ताव अस्वीकार गरेको थियो ।

विज्ञहरूका अनुसार आणविक हतियार भण्डार बढ्दै जानु तथा रूस र चीनसँग सम्बन्ध गहिरिनुले किमलाई अमेरिकासँग सम्भावित वार्तामा विगतको तुलनामा बलियो बनाएको छ । किमले यस वर्ष अमेरिकाले उत्तर कोरियाप्रतिको 'शत्रुतापूर्ण नीति' त्यागी आफ्नो देशको आणविक राष्ट्रको हैसियत सम्मान गरे वार्तामा फर्कन सकिने बताएका थिए । *रासस/एपी*

**साउदीमा रोजगार** कम्पनी : ASMA NABAA RASHIDI FOOD SERVICES COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 347561 | चलानी नं. ६०२६०९५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Heavy License) | 3 | 0 | 1800 | ७३,३४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**ओमनमा रोजगार** कम्पनी : BOLD POINT CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८३/०२/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 343765 | चलानी नं. ६०२५७०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OMR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Insulation Labor | 3 | 0 | 120 | ४७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Area Attendants/Cleaners | 4 | 0 | 120 | ४७,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७/०५५/०५६
Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 9851056401 E-mail : bhubanpun@gmail.com

**युएइमा रोजगार** कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347834 | चलानी नं. ६०२६०९९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/CLEANING WORKERS | 150 | 50 | 1000 | ४१,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Govt. License 1770/081/082
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549, 985-1068529
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com

**साउदीमा रोजगार** कम्पनी : NUH LAB AUTO MAINTENANCE EST.

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347804 | चलानी नं. ६०२६०९९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 1 | 0 | 1500 | ६१,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/ | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAAHIR H.R. PVT. LTD.
LIC.1842/082/083
Chabahil-5, Pahelopul, Kathmandu, Nepal, Telephone: 01-4545475, Email : info@maahirhrpvtltd.com, Web : www.maahirhrpvtltd.com

**युएइमा रोजगार** कम्पनी : Al Maktb Al Jadeed Building Maintenance

पूर्व स्वीकृति मिति : २०८२/११/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 339721 | चलानी नं. ६०२५३१८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ४१,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd.
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०१००० | प्रति तोला – ० | प्रति तोला – ४६२० |



मुग्लिन पोखरा सडक खण्डअन्तर्गत तनहुँको व्यास नगरपालिका-४ र ५ स्थित मादी नदीमा निर्माणको अन्तिम चरणमा पुगेको चार लेनको आर्क पुल । *तस्बिरः रासस*

# असोज पहिलो सातादेखि पोखरा–दुबई सीधा उडान

■ **राम थापा**

**गण्डकी–** दुबईदेखि पोखराका लागि उडेको फ्लाइ दुबईको जहाज आगामी असोज ७ (सेप्टेम्बर २३) को साँझ ६:१५ बजे पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गर्ने कार्यतालिका सार्वजनिक भएको छ । त्यस उपलक्ष्यमा नेपालको पर्यटकीय नगरी पोखरा विमानस्थलमा पानीको फोहरासहित फ्लाई दुबईको जहाज र यात्रुलाई स्वागत गरिनेछ ।

त्यहाँबाट आएका यात्रुको अवतरणपछि उक्त विमान पोखराबाट यात्रु लिएर साँझ ७:१५ बजे दुबईका लागि उड्नेछ । फ्लाइ दुबईको एयर बस ३१९/३२० ले पोखरा-दुबई उडान गर्ने विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले बताए । एयर बस ३१९ मा १४० देखि १५० सम्म र एयर बस ३२० मा १६० देखि १८० सम्म यात्रु क्षमता रहेको उनको भनाइ छ । 'फ्लाइ दुबईले आवश्यकताअनुसार पोखराका लागि एयर बस ३१९ र ३२० आलोपालो गरी उडाउँछ', सूचना अधिकारी रावतले भने, 'पहिलो उडानमा पोखरा आउने यात्रुको सङ्ख्या उल्लेख्य छ, पोखरादेखि दुबई फर्कदा जहाजले यात्रुसहित कार्गो लिएर जानेछ ।'

उनले फ्लाइ दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र ७:१५ बजे पोखरादेखि दुबईका लागि प्रस्थानको तालिका रहेको जानकारी दिए । पहिलो दिन निर्धारित समयभन्दा केही समयअघि जहाज अवतरण हुनसक्ने सूचना अधिकारी रावतले बताए । दुबई-पोखरा-दुबई नियमित उडानका लागि तालिका सार्वजनिक भएदेखि नै विमानस्थलले आवश्यक तयारी अगाडि बढाएको छ ।

दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाइ दुबईलाई अनुमति दिएको थियो । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान अनुमति पाएको थियो ।

विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने

> पोखरा-दुबई उडानको सफलतासँगै अन्य अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनी पोखरामा आकर्षित हुने विश्वास गरिएको छ । फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ ।

जनाइएको छ । सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन । फ्लाइ दुबईका नेपालस्थित महाप्रबन्धक नवराज शाहीले काठमाडौंभन्दा पोखराबाट हुने उडानमा टिकटको मूल्य पाँच हजारसम्म सस्तो रहेको बताए । उनले विश्वका १२० भन्दा बढी गन्तव्यमा फ्लाइ दुबईले सिधा उडान गर्दै आएको जनाउँदै पोखरा-दुबई उडान प्रवर्द्धनका क्रममा यात्रु तथा साझेदार संस्थाहरूलाई छुटलगायतका सुविधा दिइने बताए । पोखरा-दुबई उडानको सफलतासँगै अन्य अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनी पोखरामा आकर्षित हुने विश्वास गरिएको छ । फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरमा पुग्ने यात्रुले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नहुने जनाइएको छ ।

इमिरेट्स एयरलाइन्सले दुबई अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छवटा महादेशका ७६ देशमा रहेका १४३ भन्दा बढी देशलाई हवाई सञ्जालमा जोड्दै आएको छ । एयरलाइन्सबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने जनाइएको छ । पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरू एउटै टिकटबाट यात्रा गर्न सक्नेछन् ।

लामो प्रतिक्षापछि पोखराबाट नियमित अन्तरदेशीय उडान हुन लागेकाले यस क्षेत्रका पर्यटन व्यवसायीलगायत उत्साहित छन् । अन्तरराष्ट्रिय उडानलाई दिगो तुल्याउन बजारीकरण तथा प्रवर्द्धनमा सरकारी निकाय र निजी क्षेत्रबाट पहल हुँदै आएको छ । सुरुमा एक महिनाका लागि मात्र दिनको एक पटक उडान गर्ने घोषणा गरेको फ्लाइ दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ । पर्यटकीय राजधानी पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने गरी हुन लागेको यस उडान मुलुककै पर्यटन क्षेत्रले प्रत्यक्ष लाभ लिने पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले बताए । उडान सफल बनाउन पोखरेली पर्यटन व्यवसायी एक्यबद्ध भएर लाग्ने उनको भनाइ छ ।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरा-दुबई उडानलाई सफल बनाउनु सम्बद्ध सबै पक्षको दायित्व भएको उल्लेख गरे । 'पोखरालाई विश्वास गरेर फ्लाइ दुबई यहाँ आएको छ, हामी सबैले आआफ्नो ठाउँबाट साथ दिनुपर्छ', उनले भने ।

पहिलोपटक हुन लागेको यस उडानको दिगोपनाका लागि आउन सक्ने चुनौतीलाई सामाना गर्दै अवसरमा बदल्नुपर्ने उनले बताए । उपयुक्त हावापानी भएको सफा र सुन्दर पोखरालाई अन्तरराष्ट्रिय जगतमा पहिचान दिन फ्लाइ दुबईको उडानले मद्दत पुग्ने उनको भनाइ छ । पोखरा महानगरपालिका र फ्लाइ दुबईबीच पनि पर्यटन प्रवर्द्धन, गन्तव्यस्थलको बजारीकरण, अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारलगायत पारस्परिक हितका क्षेत्रमा सहकार्यलाई निरन्तरता दिने विषयमा समझदारी भएको छ । उक्त उडानले पोखराको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारसँगै पर्यटन, व्यापार तथा आर्थिक गतिविधिमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ । त्यस उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वका २५० भन्दा बढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ ।

वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पनि यो उडान सेवा लाभदायी हुने देखिएको छ । पोखरा-दुबई उडानबाट तालै तालको नगरी पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटक सिधैं पोखरा आउन सक्ने छन् । *रासस*

# सुस्ताको झोलुंगे पुल बिजुलीका लागि पनि वरदान

■ **दामोदर खनाल**

**नवलपरासी–** पश्चिम नवलपरासीको सुस्तामा रहेको नेपालकै लामो झोलुंगे पुल वनेपछि स्थानियलाई आवत जावतमा मात्र सजिलो भएको छैन सुस्तामा बिद्युतीकरण पुग्नुका साथ पर्यटकलाई पनि आकर्षित गरेको छ ।

सुस्तामा बनेको झोलुंगे पुल नेपालकै लामो झोलुंगे पुल हो । जुन पुल १ हजार ५ सय ७१ मिटर लामो छ । नारायणी नदिमा बनेको यो पुललाई स्थानीयले त्रिवेणी सुस्ता नदि पनि भन्छन् । जहाँ बनेको यो सस्पेन्सन बृजले सुस्तागाउँपालिका वडा न ५ र सुस्ता वडा न ५ कै सकरदिनहि गाउँलाई जोडेको छ ।

२०८१ सालको असोजमा बनेको यो झोलुंगे पुलका कारण पैदल यात्री, साईकल चालक र मोटरसाईकल आवतजावतमा निकै सुबिधा भएपनि यो क्षेत्रमा हल्का र ठुला सवारी साधनका लागि पक्कि पुल भने बनेको छैन । जसका कारण सवारी साधन डुंगाबाट वारपार गराउन पर्ने हुन्छ ।

करिव तीनसय परिवार बस्ति रहेको सुस्तामा पुलले गर्दा बिद्यार्थीलाई पठनपाठनका लागि अन्य गाउँमा जान समेत सजिलो भएको छ । नेपालकै एउटा छुट्टै टापुको रूपमा रहेको यो क्षेत्र अति विकट गाउँको रूपमा परिचित छ । यो ठाउँ शिक्षा, स्वास्थबाट पनि पछाडि परेको र भारतीयबाट समेत पटक पटक समस्या भोग्दै आएको स्थानीयको गुनासो छ ।

अब सरकारले नदिको तटबन्ध बलियो वनाईदिए वर्षा र बाढिबाट वच्न सकिने सुस्ता बचाउ अभियानमा लामो समयदेखि लाग्दै आएकि नुर्जा बेगम बताउँछिन् । करिव ३ सय घरपरिवार वसोवास गर्दै आएको यो क्षेत्रमा शिक्षाका लागि कक्षा ८ सम्म मात्र पढाई हुने व्यवस्था रहेकोले यहाँ अव कक्षा ८ भन्दा माथिको शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा सरकारको ध्यान जाने आशामा स्थानीय रहेको उनी बताउँछिन् । सुस्ताबासीको हक अधिकारको लागि स्थानीय र केन्द्रीय सरकार संग पटक पटक पुगेको वताउदै सुस्ता बचाउ अभियन्ता नुर्जा वेगम भन्छिन्, 'अहिले त बिकास भएको छ अब सरकारले बलियो बाध बनाईदिन्छ भन्ने आशामा छौं ।'

सुस्ता नेपाल र भारत बीचको विवादित क्षेत्रपनि हो । यो लुम्बिनी प्रदेशको नवलपरासी बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला अन्तर्गत सुस्ता गाउँपालिकाको भागको रूपमा नेपालद्वारा प्रशासित छ । भारतले यसलाई बिहारको पश्चिम चम्पारण जिल्लाको भागको रूपमा दावी गरेको वताईन्छ । विवादित क्षेत्र गण्डकी नदि (नारायणी नदी) को पूर्वी किनारमा अवस्थित छ । नेपाल अन्तर्गत यो क्षेत्र सुस्ता गाउँपालिकाको वडा नम्बर ५ मा पर्दछ ।

सुस्ता बचाउ अभियानका प्रवक्ता रबिन्द्र जैशवालले ईतिहास कालवाटनै सुस्तावासी संकट भोग्दै आएको, ठगिदै आएको र पचासौ बिगाहा भन्दा बढि भुमि नारायणीले कटान गरेको र पटक पटक भारतसंग विवाद हुने गरेपनि अहिले त्यस्तो स्थिति नरहेको बताए ।

प्रवक्ता जैसवालले झोलुंगे पुल बनेपछि पानीको वहाव परिवर्तन भएकाले धेरै सुबिधा भएको वताउदै भने अहिलेको रसुवा भोटेकोसी बाढिका बेला पनि सुस्ताबासीलाई धेरै सजिलो भयो । 'सुस्तामा पुल वनेपछि नेपालसँग जोडिएको अनुभव भएको छ', प्रबक्ता जैसवालले भने ।

त्रिबेणी, सुस्ता हुँदै बगेको नारायणी नदिमा पुल बनेपछि त्यही झोलुंगेपुलवाट बिजुलीको तारपनि लगिएका कारण सुस्ता गाउँलाई उज्यालो बनाउन निकै सहयोगी हुन पुग्यो । जसका कारण यहाँ रहेको बस्ति झलमल्ल हुन गएकोमा स्थानीय खुसी छन् । स्थानिय राजेश तिवारी भन्छन्, 'सुस्ताको झोलुंगे पुल वनेपछि आवत जावतमा मात्र सुविस्ता नभएर यहि पुलबाट विद्युतको लाईनको तार पनि आएकोले गाउँमा विद्युतीकरण भएको हो ।'

# लगानी कोषको विस्तारमा नयाँ कानुन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नागरिक लगानी कोषको पुँजी वृद्धि, लगानीको क्षेत्र विस्तार तथा सञ्चालक समिति र कार्यकारी निर्देशकको जिम्मेवारीलाई थप स्पष्ट बनाउने गरी 'नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक' प्रक्रिया अघि बढेको छ ।

ऐन कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक समस्या, अस्पष्टता तथा बदलिँदो वित्तीय र पुँजी बजारको आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले विधेयक अघि बढाइएको हो । विधेयक २०८३ भदौ १८ गते प्रतिनिधिसभामा दर्ता भएको थियो भने भदौ २५ गते प्रतिनिधिसभामा प्रस्तुत भइसकेको छ । सरकारले सर्वसाधारणलाई बचत गर्न प्रोत्साहित गर्दै देशको आर्थिक विकासका लागि पुँजी परिचालन गर्ने, लगानीका अवसर विस्तार गर्ने, अवकाश कोष तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने र पुँजी बजारमा गतिशीलता ल्याउने उद्देश्यले नागरिक लगानी कोषको कानुनी व्यवस्था समयानुकूल बनाउन आवश्यक भएको जनाएको छ ।

विधेयकले नागरिक लगानी कोषको अधिकृत पुँजी रु आठ अर्बबाट बढाएर रु १० अर्ब पुऱ्याउने प्रस्ताव गरेको छ । यसअनुसार रु एक सय अङ्कित मूल्यका १० करोड कित्ता सेयर कायम हुनेछन् । त्यस्तै, कोषको चुक्ता पुँजी रु तीन अर्बबाट बढाएर रु छ अर्ब ८० करोड पुऱ्याउने प्रस्ताव गरिएको छ । सरकारका अनुसार कोषको पुँजी आधारलाई थप सबल र सुदृढ बनाउन अधिकृत पुँजी वृद्धि गर्न आवश्यक भएको हो । चुक्ता पुँजीमा वृद्धि भइसकेको अवस्थामा विद्यमान कानुनी व्यवस्थालाई अद्यावधिक गर्न पनि संशोधन आवश्यक रहेको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ ।

विधेयकले कोषको सेयर पुँजी र सेयरको बाँडफाँट तथा संरचनामा आवश्यकताअनुसार परिवर्तन गर्न सकिने व्यवस्था प्रस्ताव गरेको छ । सञ्चालक समितिले नेपाल सरकारको पूर्वस्वीकृति लिएर कोषको सेयर पुँजी, बाँडफाँट र संरचनामा थपघट गर्न सक्ने तथा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर जारी पुँजीको सीमाभित्र रही चुक्ता पुँजी वृद्धि गर्न सक्ने विधेयकमा उल्लेख छ ।

विधेयकले कोषको सेयर स्वामित्वसम्बन्धी व्यवस्थालाई पनि समयानुकूल बनाउने प्रस्ताव गरेको छ । साविकको राष्ट्रिय बीमा संस्थानको नाम परिवर्तन भई राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड कायम भएकाले ऐनमा रहेको नाम संशोधन गर्न प्रस्ताव गरिएको हो । त्यस्तै, कोषका सेयरधनीको समूहमा बैंक तथा वित्तीय संस्थासँगै बीमा कम्पनीलाई स्पष्ट रूपमा समेट्ने व्यवस्था प्रस्ताव गरिएको छ । यससँगै ऐनमा प्रयोग हुँदै आएको 'सेयरवाला' शब्दलाई प्रचलित कानुनी शब्दावलीअनुसार 'सेयरधनी' र 'एकांकवाला' शब्दलाई 'एकाइधनी' बनाउने प्रस्ताव गरिएको छ ।

विधेयकको महत्वपूर्ण पक्षमध्ये कोषले लगानी गर्न सक्ने क्षेत्र विस्तार गर्नु रहेको छ । हालको व्यवस्थामा लगानीको परिभाषा मुख्यतः संगठित संस्थाको सेयर, डिबेञ्चर तथा अन्य धितोपत्रमा गरिएको लगानीसँग सम्बन्धित रहेकामा प्रस्तावित संशोधनले मुद्दती निक्षेप, मागेको बखत प्राप्त हुने निक्षेप, सरकारी सुरक्षणपत्र तथा धितोपत्रलगायतका क्षेत्रमा गरिएको लगानीलाई स्पष्ट रूपमा समेट्ने प्रस्ताव गरेको छ । त्यस्तै, धितोपत्रको परिभाषालाई पनि व्यापक बनाइएको छ ।

प्रस्तावित व्यवस्थामा सेयर, स्टक, बण्ड, ऋणपत्र, डिबेञ्चर, डिबेञ्चर स्टकसँगै सामूहिक लगानी कोषका एकाइ, प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल फण्डका एकाइ समेत समावेश हुनेछन् । यसले नागरिक लगानी कोषलाई परम्परागत सेयर तथा ऋणपत्रमा सीमित नराखी वित्तीय बजारमा विकसित भएका नयाँ लगानी उपकरणमा लगानी गर्न कानुनी आधार प्रदान गर्ने देखिन्छ ।

बैंक, वित्तीय संस्था र बीमा कम्पनी पनि 'संगठित संस्था' विधेयकले 'संगठित संस्था'को परिभाषालाई फराकिलो बनाएको छ । प्रस्तावित व्यवस्थाअनुसार बैंकसँगै वित्तीय संस्था, बीमा कम्पनी, पब्लिक कम्पनी, कम्पनी, उद्योग तथा सरकारी वा गैरसरकारी संस्था संगठित संस्थाको परिभाषाभित्र पर्नेछन् । यसबाट कोषले लगानी गर्ने संस्थाको दायरा स्पष्ट हुनुका साथै वित्तीय तथा गैरवित्तीय क्षेत्रमा लगानी विस्तार गर्न कानुनी आधार थप बलियो हुने विश्वास गरिएको छ ।

विधेयकले नागरिक लगानी कोषको ऋण लगानीको दायरा पनि विस्तार गर्ने प्रस्ताव गरेको छ । प्रस्तावित व्यवस्थाअनुसार कोषले प्रचलित कानूनबमोजिम स्थापना भएका कम्पनी वा संगठित संस्थाबाट, अथवा त्यस्ता संस्था र कोषको साझेदारीमा निर्माण तथा सञ्चालन हुने राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनामा कर्जा प्रवाह गर्न सक्नेछ । यस्ता परियोजनामा ऊर्जा, यातायात, पर्यटन, सूचना प्रविधि, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रलाई समेटिएको छ । यस व्यवस्थाले नागरिक लगानी कोषमा जम्मा हुने दीर्घकालीन बचत तथा लगानीयोग्य पुँजीलाई राष्ट्रिय प्राथमिकताका उत्पादनशील क्षेत्रमा परिचालन गर्ने बाटो खोल्ने देखिन्छ । विशेषगरी पूर्वाधार, ऊर्जा, कृषि तथा सूचना प्रविधिजस्ता क्षेत्रमा दीर्घकालीन पुँजी परिचालन गर्न यसले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रस्तावित विधेयकले कोषको लगानीका स्रोत र माध्यमलाई समेत स्पष्ट र विस्तार गरेको छ । कोषको केन्द्रीय हिसाबमा रहेको वित्तीय स्रोतलाई लगानीको स्रोतमा समेट्ने प्रस्ताव गरिएको छ । त्यस्तै, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा लगानी गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसका अतिरिक्त वित्तीय संस्था, बीमा कम्पनी तथा नेपाल धितोपत्र बोर्डमा दर्ता भएका म्युचुअल फण्ड, प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल फण्डमा कोषले लगानी गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । यसले कोषको लगानीलाई विविधीकरण गर्न तथा उपलब्ध स्रोतलाई विभिन्न वित्तीय उपकरणमा परिचालन गर्न सहयोग पुग्ने देखिन्छ ।

कोषको मुद्दती निक्षेपमा हुने लगानीलाई व्यवस्थित गर्न विधेयकले विशेष व्यवस्था प्रस्ताव गरेको छ । कोषमा जम्मा हुने ठूलो परिमाणको दीर्घकालीन बचतलाई सुरक्षित र प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने क्रममा मुद्दती निक्षेप महत्वपूर्ण लगानी माध्यम भएकाले यससम्बन्धी व्यवस्था थप स्पष्ट गर्न लागिएको हो ।

## जग्गा तथा आवास प्रदर्शनी

# विपद् उत्थानशील पूर्वाधारदेखि एकीकृत आवाससम्मको अन्तरक्रिया हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्बाट क्षतिग्रस्त बस्ती तथा पूर्वाधारको पुनर्निर्माणलाई दिगो र सुरक्षित बनाउनेदेखि जोखिमयुक्त क्षेत्रका बस्तीलाई स्थानान्तरण गर्नेसम्मका विषयमा विज्ञ, सरकारी अधिकारी र निजी क्षेत्रका प्रतिनिधिबीच काठमाडौंमा विस्तृत अन्तरक्रिया तथा छलफल हुने भएको छ ।

भृकुटीमण्डपमा असोज १ देखि ४ गतेसम्म आयोजना हुने 'नवौं सिजी प्रोपर्टिज नेपाल जग्गा, आवास तथा निर्माण प्रदर्शनी-२०८३' को अवसर पारेर एक्स्पो कन्फरेन्स हलमा विशेष प्राविधिक सत्र तथा उच्चस्तरीय प्यानल छलफल सञ्चालन गर्न लागिएको एक्स्पो संयोजक रोशन भोयध्योले जानकारी दिए । आयोजकका अनुसार चारदिने प्रदर्शनीका सुरुआती तीन दिनमा निर्माण, भू-उपयोग, विपद् उत्थानशीलता, पुनर्वास र सार्वजनिक निजी साझेदारीमा आधारित एकीकृत आवास विकासलाई केन्द्रमा राखेर छलफल गरिने छ ।

प्रदर्शनीको पहिलो दिन असोज १ गते दिउँसो २ बजे 'घर तथा भवन निर्माणमा वास्तुशास्त्रको महत्त्व' विषयमा विशेष सेमिनार आयोजना हुने छ । सेमिनारमा वास्तुविज्ञ डा. माधव मंगल जोशीले मुख्य प्रस्तुति दिने छन् । आधुनिक आवास विकासमा भवनको संरचनात्मक सुरक्षा, स्थान छनोट, वातावरण, प्रकाश तथा हावाको व्यवस्थापनसँग वास्तुशास्त्रको सम्बन्धबारे यस सत्रमा गहन चर्चा गरिने छ ।

दोस्रो दिन असोज २ गते विपद् र पुनर्वाससँग प्रत्यक्ष सम्बन्धित दुई महत्त्वपूर्ण प्राविधिक प्रस्तुतिहरू रहने छन् । 'उच्च जोखिम क्षेत्रमा विपद् उत्थानशील पूर्वाधार र दिगो निर्माण' विषयमा पूर्वाधार विकास मन्त्रालयका सहसचिव आर्किटेक्ट पद्मकुमार मैनालीले प्रस्तुति दिने छन्, जसमा विपद्को जोखिम मूल्यांकन,




संरचनागत सुरक्षा र दिगोपनको विषय समेटिने छ ।

सोही सत्रमा भूमि व्यवस्था मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले 'भूउपयोग वर्गीकरण, सुरक्षित भूमि एवं बस्ती विकास र बाढी पीडितहरूका लागि स्थानान्तरण योजना' माथि आफ्नो प्रस्तुति राख्ने छन् । यस प्रस्तुतिले बाढीप्रभावित परिवारको तत्काल राहतपछिको दीर्घकालीन पुनर्वास, सुरक्षित भूभागको पहिचान तथा नयाँ स्थानमा आवाससँगै सडक, खानेपानी, बिजुली, विद्यालय, स्वास्थ्य र जीविकोपार्जनका पूर्वाधार कसरी पुऱ्याउने भन्ने विषयलाई उजागर गर्ने छ । तेस्रो दिन असोज ३ गते विपद्पछिको पुनर्निर्माणमा निजी क्षेत्रको सहभागिता र नीतिगत व्यवस्थामाथि प्यानल छलफल हुने छ । विपद्पछि ठूलो संख्यामा संरचना निर्माण गर्दा सरकारी स्रोतमात्र पर्याप्त नहुने भएकाले निजी क्षेत्रको पुँजी, प्रविधि र व्यवस्थापन क्षमता परिचालन गर्नेबारे छलफल केन्द्रित हुने आयोजकको भनाइ छ ।

प्रदर्शनीको अन्तिम दिन असोज ४ गते प्रदर्शकहरूबीच व्यावसायिक बिटुबी अन्तरक्रिया आयोजना गरिने छ । 'समग्रमा यस प्रदर्शनीले आवासलाई केवल घर निर्माण वा जग्गा कारोबारमामात्र सीमित नराखी सुरक्षित स्थान, योजनाबद्ध बस्ती र विपद् प्रतिरोधी पूर्वाधार निर्माणको नीतिगत सुधारका लागि महत्त्वपूर्ण मञ्च तयार गर्ने अपेक्षा गरिएको छ,' आयोजकको भनाइ छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ